

तिरुक्कुरल सिकौँ

Thirukkural Payilvom

(Nepali)



Kashi Tamil Sangamam 5.0

"Thirukkural Payilvom – Thirukkural Abhyas Karen"

Translator

Dr. Sunita dahal



Central Institute of Classical Tamil, Chennai

2026

विषयसूची

अध्याय 1: काशी र तामिलनाडु 03

अध्याय 2: तिरुवल्लुवरको जीवनगाथा 06

अध्याय 3: तिरुक्कुरलको संरचना र विशिष्ट विशेषताहरू 08

अध्याय 4: टीकाकार र संस्करणहरूको इतिहास 11

अध्याय 5: वल्लुवमको सार्वभौमिक ग्रन्थ 12

5.1 तिरुक्कुरलमा प्रेम र सदाचार 12

5.2 तिरुक्कुरलमा आतिथ्य सत्कार 16

5.3 तिरुक्कुरलमा सम्पूर्ण प्राणीहरूप्रतिको करुणा 18

5.4 तिरुक्कुरलमा त्याग (वैराग्य) 19

5.5 तिरुक्कुरलमा व्यक्तिगत अनुशासन 20

5.6 तिरुक्कुरलमा आत्मविश्वाससम्बन्धी विचार 22

5.7 तिरुक्कुरलमा शिक्षा र ज्ञान 24

5.8 तिरुक्कुरलमा नेतृत्व कौशल 25

5.9 तिरुक्कुरलमा शारीरिक स्वास्थ्य 27

5.10 तिरुक्कुरलमा चिकित्सा नैतिकता 28

5.11 तिरुक्कुरलमा मानसिक स्वास्थ्य 29

5.12 तिरुक्कुरलमा मानवता 30

5.13 तिरुक्कुरलमा सामाजिक सद्भाव 31

5.14 तिरुक्कुरलमा मित्रता 32

5.15 तिरुक्कुरलमा सुशासन 33

5.16 तिरुक्कुरलमा प्रशासनिक दक्षता 34

5.17 तिरुक्कुरलमा आर्थिक दर्शन 35

5.18 तिरुक्कुरलमा कृषि ज्ञान 36

5.19 तिरुक्कुरलमा पर्यावरण र प्रकृति संरक्षण 37

5.20 तिरुक्कुरलमा गृहस्थ धर्म 38

5.21 तिरुक्कुरलमा महिला 40

5.22 तिरुक्कुरलमा व्यवस्थापन 41

5.23 विश्वका भाषाहरूमा तिरुक्कुरल 42

अध्याय 6 – कुरल मणिमाला 43

अध्याय 1 – काशी र तामिलनाडु

काशी र तामिलनाडुबीच प्राचीन कालदेखि नै अत्यन्तै गहिरो र अटुट सम्बन्ध रहँदै आएको छ। तमिलका शास्त्रीय साहित्यहरूमा काशी (वाराणसी) को प्रचुर उल्लेख पाइन्छ। कळित्तोकै, सिलप्पदिकारम्, मणिमेकलै, नीलकेसी, चूळामणि, पेरुङ्कतै, विळिळभारतम्, तेवारम्, पेरिय पुराणम्, नालायिर दिव्य प्रबन्धम्, तिरुप्पुळिळ, शिवभोगसारम्, तिरुविळैयाडळ् पुराणम्, काञ्ची पुराणम्, शिवज्ञान बालया स्वामिगळ् कलम्बगम्, तिरुवरुट्पा, वीरपाण्ड्य कट्टबोम्मन्को गाथा, भारतीयारका कविताहरू तथा कविमणिको 'मलारुम् मालैयुम्' जस्ता प्रसिद्ध ग्रन्थहरूमा काशीको भव्य वर्णन गरिएको छ। विभिन्न प्राचीन शिलालेख तथा ताम्रपत्रहरूले पनि यस ऐतिहासिक सम्बन्धलाई थप पुष्टि गर्दछन्। यसका अतिरिक्त, स्वयम् काशीका विषयमा केन्द्रित रहेर अनेकौँ साहित्य रचना गरिएका छन्; जसमा कासी कलम्बगम्, कासी तुण्डि विनायकर् पतिगम्, कासी काण्डम्, कासी रहसियम्, कासी यात्रै, कासी महात्मियम् (वा सिंहध्वजन्को कथा), कासी विश्वनाथ शतकम् र श्री कासी यात्र दिपम् प्रमुख छन्। यी सम्पूर्ण साहित्यिक तथा ऐतिहासिक प्रमाणहरूले शताब्दीयौँदेखि यी दुई क्षेत्रहरू एक-अर्कासँग कति अभिन्न रूपमा जोडिएका थिए भन्ने तथ्यलाई स्पष्ट रूपमा उजागर गर्दछन्।

भारत सरकारको शिक्षा मन्त्रालयले विभिन्न महत्त्वपूर्ण उद्देश्यसहित **'काशी तमिल सङ्गमम' (Kashi Tamil Sangamam)** को आयोजना गर्दै आएको छ। यसका प्रमुख उद्देश्यहरू यसप्रकार छन्: ऐतिहासिक सम्बन्धहरूको पुनः खोज गर्नु; दुई समृद्ध ज्ञान परम्पराहरूलाई एउटै मञ्चमा एकत्र गर्नु; तिनका बीच रहेका साझा सामीप्य तथा सम्बन्धहरूलाई उजागर गर्नु; शताब्दीयौँदेखि कायम रहेको सांस्कृतिक तथा सभ्यतागत निरन्तरतालाई प्रस्ट पार्नु; "एक भारत – श्रेष्ठ भारत" (Ek Bharat Shreshtha Bharat) को अवधारणा अन्तर्गत सांस्कृतिक परम्पराहरूको परिचर्चा गराउँदै राष्ट्रिय अखण्डतालाई प्रवर्द्धन गर्नु; ज्ञानको आदानप्रदानलाई प्रोत्साहन दिनु; सम्पूर्ण भारतभरी तमिल भाषा र यसको शास्त्रीय साहित्यको परिचय गराउनु; युवा पुस्तालाई भारतीय सांस्कृतिक सम्पदासँग जोड्नु; तथा प्रविधिको प्रयोगमार्फत भारतीय भाषाहरूबीचको भाषिक सामीप्यलाई अझ नजिक ल्याउनु।

यसअघिका चारवटा सङ्गममहरूले काशी र तामिलनाडुबीचको सम्बन्ध, ज्ञानमा आधारित तथा सांस्कृतिक सम्बन्धहरूको सुदृढीकरण, भारतीय ज्ञान परम्परामा महर्षि अगत्स्यको योगदान, र "तमिल कर्गलम्" (हामी तमिल सिकौँ) जस्ता विषयहरूको अन्वेषण गरेका थिए। सोही यात्रालाई निरन्तरता दिँदै, 'काशी तमिल सङ्गमम ५.०' (Kashi Tamil Sangamam 5.0) को आयोजना वाराणसीमा २८.११.२०२६ देखि १२.१२.२०२६ सम्म "तिरुक्कुरल सिकौँ" (Let Us Learn Thirukkural) भन्ने मुख्य विषयवस्तुका साथ सम्पन्न हुँदैछ।

काशी र तामिलनाडु: साझा सम्बन्धका ऐतिहासिक आधारहरू

- काशी गङ्गा नदीको किनारमा अवस्थित छ भने तामिलनाडु वैगै र कावेरी नदीका किनारमा फैलिएको छ। यी दुवै भारतका सबैभन्दा प्राचीन ज्ञान तथा शिक्षाका केन्द्रहरूमा पर्दछन्। शताब्दीयौँदेखि यी दुई क्षेत्रहरूलाई एकापसमा बाँध्दै आएका केही प्रमुख ऐतिहासिक सूत्रहरू निम्नअनुसार छन्:
- **कुमारगुरुपरर (१७औं शताब्दी):** उहाँ धर्मपुरम् अधीनामका अनुयायी हुनुहुन्थ्यो। उहाँले काशीमा कुमारस्वामी मठको स्थापना गर्नुका साथै केदार घाटमा केदारेश्वर मन्दिरको निर्माण गर्नुभएको थियो। उहाँले "कासी कलम्बगम्" ग्रन्थको रचना गर्नुभयो र काशीमै दिव्यधाम प्राप्त गर्नुभयो।

- **महान कवि भारतीयार**: उहाँले सन् १८९८ देखि १९०२ सम्म काशीको हनुमान घाटमा निवास गर्नुभएको थियो। उहाँ बस्नुभएको घरलाई "भारती इल्लम" (भारती निवास) का रूपमा जिर्णोद्धार गरी ११ डिसेम्बर २०२२ मा उद्घाटन गरिएको थियो। उहाँको प्रसिद्ध पङ्क्ति, "काशीका कविहरूको वाणी काञ्चीमा सुन्न सकिने खालको यन्त्र निर्माण गरौँ" हो। यसले उत्तर र दक्षिणलाई एकापसमा जोड्ने एक दूरदर्शी स्वप्नलाई अभिव्यक्त गर्दछ।
- तेनकासी(**Tenkasi)** र शिवकासी: "दक्षिण काशी" नामले नै काशीसँगको यसको गहिरो सामीप्यलाई दर्साउँछ। यहाँका मन्दिरहरू १५औँ शताब्दीका पाण्ड्य राजा पराक्रम पाण्ड्यसँग जोडिएका छन् भने तेनकासी पाण्ड्य वंशका अतीवीर राम पाण्ड्यले "कासी काण्डम्" ग्रन्थको रचना गर्नुभएको थियो।
- **"सबै जल गङ्गा हुन्, सम्पूर्ण भूमि काशी हो":** प्रधानमन्त्रीज्यूले २०२३ को सङ्गममको उद्घाटन समारोहमा पाण्ड्य परम्पराबाट उद्धृत गर्दै यो प्रसिद्ध भनाइ व्यक्त गर्नुभएको थियो।
- **काशी–रामेश्वरम तीर्थाटन:** लामो समयदेखि काशीको तीर्थयात्रा जबसम्म रामेश्वरमको दर्शन गरिँदैन तबसम्म पूर्ण हुँदैन भन्ने एउटा जनविश्वास रहिआएको छ। आजको दिनमा पनि तमिल विवाह संस्कारको एउटा अभिन्न अङ्गका रूपमा "काशी यात्रा" गराउने चलन अद्यापि जीवित छ।
- शिक्षाको एउटा सेतु: महाकवि भारतीयारको सयौँ पुण्यतिथिका अवसरमा, ११ सेप्टेम्बर, सन् २०२१ का दिन, माननीय प्रधानमन्त्री श्री नरेन्द्र मोदीले बनारस हिन्दु विश्वविद्यालयमा "तमिल अध्ययनका लागि सुब्रमण्य भारती चेयर (पीठ)" स्थापना गर्ने घोषणा गर्नुभएको थियो।

काशी तमिल सङ्गममको यात्रा

काशी तमिल सङ्गमम १.०- पहिलो सङ्गमम "काशी र तामिलनाडुबीचको सम्बन्ध" भन्ने मुख्य विषयवस्तुका साथ उत्तर प्रदेशको वाराणसीस्थित बनारस हिन्दु विश्वविद्यालयको प्राङ्गणमा १६.११.२०२२ देखि १५.१२.२०२२ सम्म आयोजना गरिएको थियो।

काशी तमिल सङ्गमम २.०- "ज्ञानमा आधारित र सांस्कृतिक सम्बन्धहरूको सुदृढीकरण" भन्ने मुख्य विषयवस्तुका साथ उत्तर प्रदेशको वाराणसीस्थित नमो घाटमा १७.१२.२०२३ देखि ३०.१२.२०२३ सम्म यो आयोजना गरिएको थियो।

काशी तमिल सङ्गमम ३.०- "भारतीय ज्ञान परम्परामा महर्षि अगत्स्यको योगदान" भन्ने मुख्य विषयवस्तुका साथ उत्तर प्रदेशको वाराणसीस्थित नमो घाटमा १५.०२.२०२५ देखि २४.०२.२०२५ सम्म यो आयोजना गरिएको थियो।.

काशी तमिल सङ्गमम ४.०- "तमिल कर्गलम्" (हामी तमिल सिकौँ) भन्ने मुख्य विषयवस्तुका साथ उत्तर प्रदेशको वाराणसीस्थित नमो घाटमा ०२.१२.२०२५ देखि १५.१२.२०२५ सम्म यो आयोजना गरिएको थियो। यस सङ्गममको समापन समारोह भने ३०.१२.२०२५ मा तामिलनाडुको रामेश्वरममा सम्पन्न भएको थियो।

काशी तमिल सङ्गमम ५.०- "तिरुक्कुरल सिकौँ" **(Let Us Learn Thirukkural)** भन्ने मुख्य विषयवस्तुका साथ उत्तर प्रदेशको वाराणसीस्थित नमो घाटमा २८.११.२०२६ देखि १२.१२.२०२६ सम्म आयोजना हुँदैछ।

भारतभरका १,००० वटा कलेज तथा विश्वविद्यालयहरूबाट प्रत्येक संस्थाबाट एक-एक जना गरी जम्मा १,००० जना विद्यार्थीहरूलाई छनोट गरिनेछ। उनीहरूले आफ्नै मातृभाषामा तिरुक्कुरलको अध्ययन गर्नेछन् र त्यस ज्ञानलाई पुनः आफ्ना कलेजहरूमा लिएर जानेछन्।

तिरुक्कुरलले कुनै निश्चित धर्म, राजा वा देशको नाम उल्लेख गर्दैन; यही कारणले गर्दा नै सबैले यसलाई आफ्नै ग्रन्थका रूपमा सहर्ष स्वीकार गर्दछन्। 'सेन्ट्रल इन्स्टिच्युट अफ क्लासिकल तमिल' (Central Institute of Classical Tamil) ले यस कृतिलाई ३५ ओटा भाषामा अनुवाद प्रकाशित गरिसकेको छ, र यसको बहुभाषिक एपले संविधानको आठौँ अनुसूचीमा सूचीकृत सबै बाईस ओटा भाषाहरूमा यो उपलब्ध गराउँछ। त्यसैले, कास्मिर र कन्याकुमारीका विद्यार्थीले एकै दिन, आफ्नै मातृभाषामा, एउटै कुरल (श्लोक) सिक्न सक्दछन्।

अध्याय 2 – तिरुवल्लुवरको जीवनगाथा

तिरुवल्लुवरका बारेमा हामीलाई निश्चित रूपमा थाहा भएको एउटै कुरा उहाँले हाम्रा लागि छोडेर जानुभएका १,३३० कुरलहरू हुन्। उहाँको जन्म, परिवार र पेसाबारे भनिने अधिकांश कुराहरू पछिल्ला परम्पराहरूद्वारा जोडिएका किंवदन्तीहरू हुन्। तैपनि, यो ग्रन्थ स्वयंले आफ्ना रचयिताको एक जीवन्त चित्र प्रस्तुत गर्दछ।

नाम तथा आदरार्थी नामहरू

"वल्लुवन्" नाममा आदरार्थी शब्द "तिरु" थपेर "तिरुवल्लुवर" बनेको हो। परम्पराले उहाँलाई अनेकौँ आदरार्थी नामहरू प्रदान गरेको छ: नायनार, देवर, दैवप्पुलावर, मुधर्पावलर, नान्मुगनार, माधनुबाङ्गी, सेन्नाप्पोधर, पेरुनाव लर, र पोय्यिल पुलावर। यी नामहरूले तमिल समाजले उहाँप्रति राख्ने अगाध श्रद्धा र उच्च आदरलाई स्पष्ट रूपमा दर्शाउँछन्।

विद्वान्हरूका दृष्टिकोणको समयरेखा

विद्वान्हरूले तिरुक्कुरलको रचनाकालका सम्बन्धमा इसापूर्व ३०० देखि इसवी पाँचौँ शताब्दीसम्मका विभिन्न दृष्टिकोणहरू प्रस्तुत गरेका छन्। चेक विद्वान् कामिल ज्वेलेबिल (Kamil Zvelebil) ले यसको समय इसवी ४५० देखि ५०० तिरको मानेका छन्। 'इन्साइक्लोपिडिया ब्रिटानिका' ले छैटौँ शताब्दीको उल्लेख गर्दै केही विद्वान्हरूले यसलाई इसापूर्व प्रथम शताब्दीको रचना मान्ने गरेको तथ्य पनि दर्साएको छ। तमिल परम्पराले भने तिरुवल्लुवरको समय इसापूर्व ३१ लाई मान्दछ। मरुमलै अडिगल (Maraimalai Adigal) द्वारा प्रस्तावित यही गणनाका आधारमा तामिलनाडु सरकारले सन् १९७१ मा सरकारी राजपत्र (Gazette) मा "तिरुवल्लुवर संवत्" प्रणाली प्रकाशित गऱ्यो, जुन सन् १९७२ देखि प्रचलनमा आयो।

पारम्परिक लोकश्रुतिहरू

पछिल्ला कालखण्डका विविध फुटकर श्लोकहरू र मौखिक परम्पराहरूले हामीलाई केही लोककथाहरू प्रदान गरेका छन्। यद्यपि यी कथाहरूका लागि कुनै ऐतिहासिक प्रमाण उपलब्ध छैनन्, तैपनि यसले तमिल जनमानसमा वल्लुवरको स्मृति कति जीवन्त र आदरणीय छ भन्ने तथ्यलाई स्पष्ट रूपमा उजागर गर्दछ।

- एउटा व्यापक लोकश्रुतिअनुसार उहाँको जन्म चेन्नईको **मइलापुर**मा भएको थियो, जहाँ उहाँको आफ्नै एउटा मन्दिर पनि स्थापित छ।
- परम्परागत कथन अनुसार उहाँ पेसाले **कपडा बुन्ने जुलाहा** हुनुहुन्थ्यो र उहाँकी पत्नीको नाम **वासुकी** थियो। एउटा प्रचलित प्रसङ्गअनुसार, वासुकीले इनारबाट पानी तानिरहेका बेला श्रीमान्ले बोलाउनासाथ डोरी छाडिदिँदा पनि पानी नपोखिई बिचैमा पानीको घडा अडिएको थियो भनिन्छ। यस कथालाई दाम्पत्य जीवनको निश्छल प्रेम र समर्पणको अनुकरणीय उदाहरणका रूपमा प्रस्तुत गरिन्छ।
- अर्को कथाअनुसार, जब तिरुक्कुरल ग्रन्थलाई मधुराईको **तमिल सङ्गम** (Madurai Tamil Sangam) मा स्वीकृतिका लागि प्रस्तुत गरियो, तब सङ्गमको दैवी पीठ/काठको पाटीले केवल यसै कुरलका लागि मात्र स्थान बनाएर यसको अद्वितीय श्रेष्ठतालाई प्रमाणित गरेको थियो।
- तिरुक्कुरलको प्रशंसामा रचिएका पचपन्न वटा वेन्बा (Venba - एक प्रकारको तमिल छन्द) श्लोकहरूको सङ्ग्रहलाई 'तिरुवल्लुवमालै' (Thiruvalluvamalai) भनिन्छ। यस सङ्ग्रहमा विद्वान् इदैकद्वारले तिरुक्कुरलको संक्षिप्तता र गहनताको वर्णन गर्दै "तोरीको दानामा प्वाल पारेर त्यसमा सात समुद्र अँटाएझैँ"

भनी व्याख्या गरेका छन्। महाविदुषी औवैयार (Avvaiyar) ले यसै बिम्बलाई अझ सूक्ष्म रूप दिँदै भन्नुभएको छ- "कुरलले त परमाणुलाई नै भेदन गरी त्यसभित्र सात समुद्र अटाएर त्यसलाई संक्षिप्त बनाएको छ।" अर्थात्, यो ग्रन्थ रूप वा आकारमा अत्यन्तै छोटो छ, तर अर्थ र भावका दृष्टिले विशाल एवम् अगाध छ।

ग्रन्थमा झल्कने रचयिताको व्यक्तित्व

वल्लुवरलाई जीवनका प्रत्येक क्षेत्रको गहन ज्ञान थियो: धर्म (सद्गुण), राजनीति, अर्थशास्त्र, युद्धकला, चिकित्सा र प्रेम (गृहस्थ जीवन)। उहाँले मानिसको मूल्याङ्कन जन्मका आधारमा नभई उसका कर्मका आधारमा गर्नुहुन्छ। यही कारणले गर्दा नै जैन, बौद्ध, शैव वा वैष्णव जस्ता अनेकौँ परम्पराहरूले वल्लुवरलाई आफ्नै सन्तका रूपमा आदर गर्दछन्, र यो साझा अपनत्व नै उहाँको सर्वव्यापकता (Universality) को सबैभन्दा उत्तम प्रमाण हो। शास्त्रीय विद्वान्हरू उहाँलाई भारतको साझा नैतिक परम्पराको एउटा प्रखर र मुखरित आवाजका रूपमा हेर्दछन्।

स्मारक

- **तिरुवल्लुवर दिवस (Thiruvalluvar Day):** यो पर्व पोङ्गल (Pongal) उत्सवको मध्यतिर, तमिल महिना 'थाइ' (Thai) को दोस्रो दिन मनाइन्छ।
- **वल्लुवर कोट्टम, चेन्नई (Valluvar Kottam, Chennai):** भारतका तत्कालीन राष्ट्रपति श्री फकरुद्दीन अली अहमदद्वारा अप्रिल १९७६ मा उद्घाटन गरिएको तथा प्रसिद्ध स्थापत्यविद् वी. गणपति स्थपतिद्वारा डिजाइन गरिएको यस स्मारकमा तिरुक्कुरलका सम्पूर्ण **१,३३० श्लोकहरू** ढुङ्गामा खोपेर कोरिएका छन्। यसको जीर्णोद्धार गरी २१ जुन, सन् २०२५ मा पुनः सर्वसाधारणका लागि खुला गरिएको थियो।
- **वल्लुवरको प्रतिमा**: कन्याकुमारीमा तिरुवल्लुवरको **१३३ फिट** अग्लो विशाल शिलाप्रतिमा अवस्थित छ, जसको प्रत्येक एक फिटले तिरुक्कुरलका १३३ अध्यायलाई प्रतिविम्बित गर्दछ। यसको ३८ फिट अग्लो आधारपीठ (**Pedestal)** ले **'धर्म' (**अरम) खण्डका ३८ अध्यायहरूलाई र ९५ फिट अग्लो मुख्य प्रतिमाले **'अर्थ' (**पोरुल) तथा **'काम' (**इन्बम) खण्डका बाँकी ९५ अध्यायहरूलाई जनाउँछ। १ जनवरी, सन् २००० मा उद्घाटन गरिएको यो प्रतिमा सन् २००४ को विनाशकारी सुनामीमा पनि सकुशल रही डटेर यसको सामना गरेको थियो। यसको रजत महोत्सव (**Silver Jubilee)** को अवसरमा, ३० डिसेम्बर २०२४ मा यस प्रतिमालाई विवेकानन्द रक मेमोरियलसँग जोड्ने **७७ मिटर लामो सिसाको पुल (Glass Bridge)** सर्वसाधारणका लागि खुला गरियो। यस प्रतिमालाई **"ज्ञानको प्रतिमा" (Statue of Knowledge)** पनि भनिन्छ।

अध्याय 3: तिरुक्कुरलको संरचना र विशिष्ट विशेषताहरू

तिरुक्कुरलमा कुल १,३३० श्लोकहरू (कुरल) रहेका छन्, जसलाई १०-१० ओटा श्लोकका समूहमा १३३ अध्यायहरूमा वर्गीकृत गरिएको छ। यो ग्रन्थ मुख्य तीन खण्ड (पाल - Paal)- धर्म (अरम - Aram), अर्थ (पोरुल - Porul) र काम/प्रेम (इन्बम - Inbam) मा विभाजित छ। यसको प्रत्येक श्लोक 'कुरल वेन्बा' (Kural Venba) छन्दमा आधारित छ, जसमा दुई पङ्क्ति र सात मात्रात्मक पाउ/शब्द (Metrical Feet) हुन्छन्।

तीन खण्डको ढाँचा

तीन खण्ड (मुप्पाल): १३३ अध्याय, १,३३० श्लोक (परिमेलालगरको टीकाअनुसार अध्यायहरूको विभाजन)		
अरत्तुपाल (धर्म)	**पोरुतपाल (अर्थ)**	**कामत्तुप्पाल (प्रेम)**
३८ अध्याय (१–३८), ३८० कुरल	७० अध्याय (३९–१०८), ७०० कुरल	२५ अध्याय (१०९–१३३), २५० कुरल
प्रस्तावना: ४ अध्याय; गृहस्थ जीवन: २० अध्याय; तपस्वी जीवन: १३ अध्याय; नियती: १ अध्याय	सुशासन: २५ अध्याय; राज्यका खण्डहरू: ३२अध्याय; विविध तथा अवशिष्ट प्रकरण: १३ अध्याय	गुप्त प्रेम: ७ अध्याय; वैवाहिक प्रेम: १८ अध्याय

धर्म (अरम) – ३८ अध्याय

धर्मसम्बन्धी यो खण्डले मुख्यतया व्यक्तिको आन्तरिक जीवन र पारिवारिक आचरणलाई समेट्छ।

- **प्रस्तावना / भूमिका (अध्याय १–४):** यसमा ईश्वरको महिमा, वर्षाको महत्ता, सन्त तथा तपस्वीहरूको गरिमा र धर्मको सत्यताको प्रतिपादन गरिएको छ। ईश्वरको स्तुति लगत्तै 'वर्षा' लाई छुट्टै अध्यायका रूपमा स्थान दिनुले प्रकृति नै जीवनको आधार हो भन्ने वल्लुवरको दृष्टिकोणलाई प्रष्ट्याउँछ।
- **गृहस्थ जीवन (अध्याय ५–२४):** यसले पारिवारिक जीवन, जीवनसङ्गिनी (पत्नी) को मर्यादा, सन्तान सुख, प्रेम, अतिथि सत्कार, मधुर वाणी, कृतज्ञता, समदृष्टि (निष्पक्षता), सहनशीलता, समाजप्रतिको कर्तव्यबोध, दानशीलता र यश-कीर्तिसम्मका विषयहरू समेट्छ। वल्लुवरले गृहस्थ जीवनलाई संन्यास आश्रमसरह नै उच्च, र कतिपय सन्दर्भमा त्यसभन्दा पनि श्रेष्ठ स्थान दिनुभएको छ।
- **संन्यास/वैराग्य जीवन (अध्याय २५–३७):** यसमा करुणा, मासु सेवनको त्याग, सत्यवादिता, क्रोधमुक्त जीवन, अहिंसा, प्राणीहत्या नगर्ने भाव, नश्वरता, वैराग्य, सत्यको अनुभूति र इच्छाको संवरणजस्ता विषयहरू वर्णित छन्। विश्वभरका प्राज्ञिक वर्गको ध्यान खिच्न सफल अहिंसासम्बन्धी कुरलहरू यसै खण्डमा समेटिएका छन्।

- **नियति (अध्याय ३८):** यो पूर्वजन्म वा विगतका कर्महरूको फल (भाग्य/नियति) सँग सम्बन्धित एउटा मात्र अध्याय हो, जुन मानव प्रयास वा पुरुषार्थको दायराभन्दा बाहिर रहन्छ।

धन (पोरुल) – ७० अध्याय

धनसम्बन्धी विषयवस्तुले यस पुस्तकको आधाभन्दा बढी भाग ओगटेको छ। यसमा राजनीति, प्रशासन, अर्थशास्त्र, मित्रता र समाजजस्ता विषयहरू समेटिएका छन्।

- **सुशासन र राज्यशास्त्र (अध्याय ३९–६३):** यसमा शासकको गरिमा, शिक्षा, ज्ञानार्जनाका लागि श्रवण, विवेकशीलता, न्यायपूर्ण शासन, गुप्तचर प्रणाली, अठोट र सङ्कटमा पनि मनोबल नगुमाउने साहसजस्ता विषयहरू समेटिएका छन्। शासकका व्यक्तिगत गुणहरू र न्यायोचित शासन व्यवस्था यस खण्डको केन्द्रबिन्दु हुन्।
- **राज्यका अङ्गहरू (अध्याय ६४–९५):** यसले मन्त्रीपरिषद्, वाक्पटुता, कार्यमा दृढता, राजकीय दूत (राजदूत), देशको विशेषता, दुर्ग (किल्ला), धन आर्जनका उपाय, सेना, मित्रता, शत्रुता र चिकित्सा विज्ञानजस्ता राज्यका विभिन्न अङ्ग र तत्त्वहरूको एक-एक गरी सूक्ष्म परीक्षण गर्दछ।
- **विविध प्रकरण (अध्याय ९६–१०८):** यसमा कुलीनता, स्वाभिमान, चरित्रको मर्यादा, शिष्टाचार, कृषि, गरिबी, याचना (मागिहाल्ने प्रवृत्ति) र नीचता वा दुर्जनताजस्ता विषयहरू समेटिएका छन्। यस खण्डमार्फत आदर्श नागरिकमा हुनुपर्ने गुणहरूको चर्चा गरिएको छ।

प्रेम/काम (इन्बम/कामम) – २५ अध्याय

प्रेम र कामसम्बन्धी यो खण्ड प्राचीन सङ्गमकालको 'अकम्' (Akam - आन्तरिक प्रेम) काव्यात्मक परम्परामा आधारित प्रेमको एक नाटकिय प्रस्तुति हो। यस खण्डका कुरलहरू (श्लोकहरू) नायक, नायिका र नायिकाकी सखी (सलिहा) का संवादका रूपमा प्रस्तुत गरिएका छन्। 'तोलकाप्पियम' (Tolkappiyam) व्याकरण ग्रन्थको नियमअनुसार कसैको पनि नाम उल्लेख गरिएको छैन, र यही विशेषताले गर्दा यो प्रेम कुनै एक पात्रको मात्र नभई सम्पूर्ण मानव जातिको साझा प्रेम बन्न पुगेको छ।

- **गुप्त प्रेम / पूर्वराग (अध्याय १०९–११५):** नायिकाको सौन्दर्यले प्रेमीलाई मुग्ध पार्ने क्षणदेखि लिएर उनीहरूको गुप्त प्रेमबारे समाजमा कुरा फैलिनुसम्मका विषयहरू यसमा समेटिएका छन्। यो विवाहपूर्वको प्रेमसँग सम्बन्धित छ।
- **वैवाहिक प्रेम / प्रकट प्रेम (अध्याय ११६–१३३):** वियोगको पीडा सहन नसक्नुदेखि लिएर प्रेमी-प्रेमिकाबीचको मान-मनौव्वल (रिसाइ-खुसी) को आनन्दसम्मका विषयहरू यसमा समेटिएका छन्। यसले दम्पतीबीचको विरह, उत्कण्ठा, प्रेमपूर्ण कलह र पुनर्मिलनका सुमधुर पक्षहरूलाई उजागर गर्दछ।

  वल्लुवरको दृष्टिकोणमा- धर्मविनाको अर्थ (सम्पत्ति), अर्थविनाको गृहस्थ जीवन, र प्रेमविनाको सुख वा आनन्द सबै अपूर्ण हुन्छन्। तिरुवल्लुवरको यस दर्शनले **धर्म (Dharma), अर्थ (Artha), काम (Kama), र मोक्ष (Moksha)** लाई मानव जीवनका चार पुरुषार्थ (चार लक्ष्य) का रूपमा अङ्गीकार गर्दछ। वल्लुवरले पहिलो तीनवटा पुरुषार्थ (धर्म, अर्थ, काम) लाई ग्रन्थमा विस्तारपूर्वक गाउनुभएको छ भने मोक्ष (मुक्ति) को विषयलाई संन्यास जीवन र सत्यको अनुभूतिसम्बन्धी अध्यायहरूमा समेट्नुभएको छ। यही साझी वैचारिक संरचनाले गर्दा नै तिरुक्कुरल भारतका जुनसुकै भूभागका पाठकहरूका लागि पनि उत्तिकै परिचित र आफ्नैपन भएको ग्रन्थ जस्तो महसुस हुन्छ।

कुरलको छन्दोबद्ध संरचना

वेन्बा (Venba)

- दुई पङ्क्तिको संक्षिप्त संरचना: प्रत्येक कुरल वा श्लोक ठीक **दुई पङ्क्तिहरू (Couplet)** मा रचना गरिएको हुन्छ।
- छन्दगत सङ्गम: वेन्बा सङ्गम। कुरलको बिल्कुल अन्तिम पाउ (Last foot) तमिल छन्दशास्त्रका चार निश्चित मौखिम वा मात्रात्मक ढाँचा— **नाल (Naal), मलर (Malar), कासु (Kaasu), वा पिऱप्पु (Pirappu)** मध्ये कुनै एकमा अनिवार्य रूपमा अन्त्य हुनैपर्छ। यी ढाँचाहरूले कुरललाई काव्यात्मक पूर्णता र सन्तुलित लय प्रदान गर्दछन्।
- प्रथम कुरलको पाउ विभाजन: अगर | मुदल | एझुतेल्लाम् | आधि

भगवन् |मुधट्रे | उलगु।

यही संक्षिप्तता नै कुरलको मुख्य शक्ति हो। प्रख्यात तमिल कवयित्री अव्वाईयार (Avvaiyar) ले यसको प्रशंसा गर्दै भन्नुभएको थियो, "एउटा अणुलाई छेड्एर त्यसमा सात समुद्रहरू खन्याएजस्तै" (अतिसीमित शब्दहरूमा गहिरो र विशाल अर्थ समेट्नु)। यसको यो विशिष्ट रूप सम्झिन र अनुवाद गर्न सहज छ, र आजको डिजिटल युगमा सामाजिक सञ्जालमार्फत शेयर गर्न पनि उत्तिकै सरल छ।

तिरुक्कुरलमा प्रयोग गरिएका विशेष नामहरू तथा उपाधिहरू

मुप्पाल (Mupaal), उत्तरवेद (Uttharaveda), दैव नूल (Deiva Nool), पोय्यामोलि (Poyyamozhi), वायुरै वाझ्तु (Vaayurai Vaazhthu) र पोधुमुरै (Podhumarai) यी सबै तिरुक्कुरलका विशेष नामहरू हुन्। यसमध्ये "पोधुमुरै" (सार्वभौमिक ग्रन्थ/वेद) भन्ने नाम यसै ग्रन्थको भित्री अन्तरवस्तु (विषयवस्तु) बाट प्राप्त भएको हो। प्रसिद्ध फ्रान्सेली अनुवादक ई. एस. एरिएल (E. S. Ariel) ले भनेझैँ, वल्लुवरले "जात, जातिगत पहिचान वा धर्मको कुनै पनि किसिमको भेदभावबिना सिङ्गो मानव जातिकै निम्ति" बोल्नुभएको छ।

अध्याय 4 – टीकाकार र संस्करणहरूको इतिहास

दशौँदेखि तेह्रौँ शताब्दीको बीचमा, दश जना टीकाकारहरूले तिरुक्कुरलमाथि आफ्ना टीकाहरू लेखेका थिए: धर्मर (Dharumar), मनक्कुडवर (Manakkudavar), थामतर (Thamathar), नच्चर (Nachchar), परिधियार (Paridhiyar), परिमेलालगर (Parimelazhagar), थिरुमलाइयर (Thirumalaiyar), मल्लर (Mallar), परिप्पेरुमल (Paripperumal) र कलिङ्गर (Kalingar)। यीमध्ये मनक्कुडवर, परिधियार, कलिङ्गर, परिप्पेरुमल र परिमेलालगरका टीकाहरू पूर्ण रूपमा सुरक्षित छन् भने धर्मर, थामतर र नच्चरका टीकाहरू आंशिक रूपमा मात्र उपलब्ध छन्। थिरुमलाइयर र मल्लरका टीकाहरू भने हाल उपलब्ध छैनन्। यही टीकात्मक परम्पराले नै शताब्दीौँसम्म तिरुक्कुरलको संरक्षण गर्दै यसलाई आजको पुस्तासम्म हस्तान्तरण गरेको हो।

आधुनिक टीकाहरू

उन्नाइसौँ र बिसौँ शताब्दीमा कविराजपण्डितार (Kavirajapandithar), उ. वे. स्वामिनाथ ऐयर (U. V. Swaminatha Iyer), के. वडिवेलु चेट्टियार (K. Vadivelu Chettiar), अयोथिदासर (Ayothidasar), वि. ओ. चिदम्बरनार (V. O. Chidambaranar), थिरु. वि. का. (Thiru. Vi. Ka.), नामक्कल कविङ्गर (Namakkal Kavignar), भरथिदासन (Bharathidasan) लगायतका विद्वानहरूले तिरुक्कुरलमाथि टीका ग्रन्थहरू रचना गरे। सन् १९४९ मा एम. वरधराजनार (M. Varadharajanar)-को "तिरुक्कुरल तेलिवुरै" (Thirukkural Thelivurai) प्रकाशनसँगै सरल व्याख्यात्मक टीका लेख्ने परम्पराको आरम्भ भयो, र यो क्रम आजसम्म पनि निरन्तर चलिरहेको छ।

ताडपत्रदेखि मुद्रणसम्म

शताब्दीौँसम्म तिरुक्कुरललाई तालपत्रका हस्तलिपिहरूमा उतारेर सुरक्षित राखिएको थियो। सन् १८१२ मा थानथुरका ज्ञानप्रकाशार (Gnanaprakasar of Thanjavur) ले 'नालदियाार' (Naladiyar) र 'थिरुवल्लुवमालै' (Thiruvalluvamalai) सँगै यसको पहिलो मुद्रित संस्करण प्रकाशित गरे। त्यसयता यसका सयौँ संस्करणहरू प्रकाशित भइसकेका छन्।

डिजिटल युग

आज तिरुक्कुरल सम्पूर्ण रूपमा इन्टरनेट र स्मार्टफोनहरूमा उपलब्ध छ, जसलाई बहुभाषिक एपहरू र अडियो पुस्तकहरू जस्ता नवीन रूपहरूमा सहजै प्राप्त गर्न सकिन्छ।

अध्याय 5 – वल्लुवमको सार्वभौमिक ग्रन्थ

यस अध्यायले तिरुक्कुरलका १०८ अध्यायहरूका केन्द्रीय विषयवस्तुहरूलाई तेइस शीर्षकहरू अन्तर्गत प्रस्तुत गर्दछ।

5.1 तिरुक्कुरलमा प्रेम र सदाचार

तिरुक्कुरललाई एक सार्वभौमिक ग्रन्थ (Universal Scripture) का रूपमा उच्च सम्मान दिइएको छ। यो जीवनयापनसम्बन्धी एक मार्गदर्शक ग्रन्थ हो, जसले उच्च स्तरको एकाग्रता र गहिराईका साथ मानव जीवनका आधारभूत मूल्यमान्यताहरूलाई उजागर गर्दछ। तिरुवल्लुवरले मानिसले कसरी बाँच्नुपर्छ भन्ने मात्र होइन, कस्तो मानसिक मनोभूमिमा रहेर बाँच्नुपर्छ भन्ने विषय पनि प्रष्ट पार्नुभएको छ, जहाँ प्रेम र धर्म उहाँको समग्र चिन्तनको केन्द्रबिन्दुमा रहेका छन्। तिरुक्कुरलमा प्रेम धर्मको एक अभिन्न अङ्गका रूपमा प्रकट हुन्छ भने धर्म चाहिँ व्यवहारमा उतारेको प्रेम हो।

प्रेम: मानव जीवनको आधार

तिरुवल्लुवरले प्रेमलाई केवल एक साधारण भावना (Emotion) का रूपमा मात्र लिनुभएको छैन। उहाँको दृष्टान्तमा, यो त्यो मौलिक गुण हो जसले मानिसलाई सङ्कीर्ण स्वार्थीपनबाट माथि उठाएर सर्वहित वा साझा कल्याणतर्फ डोऱ्याउँछ।

> அன்பிலார் எல்லாம் தமக்குரியர் அன்புடையார்
> என்பும் உரியர் பிறர்க்கு. (குறள்72)
>
> अन्बिलार् ऎल्लाम् तमक्कुरियर् अन्बुडैयार्
> ऎन्बुम् उरियर् पिऱर्क्कु। (कुरल 72)
>
> प्रेम शुन्य व्यक्ति छ स्वार्थी सदा राख्छ आफ्नो ध्यान;
> प्रेममय व्यक्ति अरुको हितमा गर्छन् आफ्नो शरीर दान।
>
> प्रेम शुन्य व्यक्ति स्वार्थी हुन्छन्। जो प्रेमले र परिपूर्ण हुन्छन् उनी अरुका निम्ति आफ्नो शरीर त्याग्न पनि पछि सर्दैनन्।

प्रेमविहीन व्यक्ति केवल आफू (स्वयम्) लाई केन्द्रमा राखेर बाँच्दछ। तर, प्रेमयुक्त मानिस भने अरूका लागि आफूलाई समर्पित गर्न सक्ने गरी परिपक्व बन्दै जान्छ। प्रेमले 'म' को सङ्कीर्ण भावनालाई 'हामी' को व्यापक भावनामा रूपान्तरण गरिदिन्छ; अनि यही प्रेम परिवारमा आत्मीयता, समाजमा करुणा र विश्वभर मानवताका रूपमा फैलाउँदै व्यापक बन्दै जान्छ।"

> அன்பின் வழியது உயிர்நிலை அஃதிலார்க்கு
> என்புதோல் போர்த்த உடம்பு. (குறள்80)
>
> अन्बिन् वऴियदु उयिर्निलै अह्दिलार्क्कु
> ऎन्बुतोल् पोर्त्त उडम्बु। (कुरल 80)
>
> जहाँ प्रेम छ आत्मामा धन्य छ त्यो शरीर;
> प्रेमहीन शरीर हो हड्डी मासुको पञ्जर, निर्जीव शरीर।
>
> प्रेमले परिपूर्ण आत्मिक शरीर मात्र सार्थक शरीर हो,प्रेम विहिन मानिसको शरीर त मासु र हड्डीको थुप्रो मात्र हो।(अर्थात प्रेमविनाको शरीर निर्जिव हो।

बाँच्नुको अर्थ केवल शरीरलाई जीवन्त राख्नु मात्र होइन। जीवनले तब मात्र सार्थकता पाउँछ, जब मानिसको मनमा अन्य प्राणीहरूको सुख र दुःखलाई महसुस गर्न सक्ने चेतना हुन्छ। अतः, तिरुवल्लुवरको दृष्टिकोणमा प्रेम केवल मानवको एउटा सामान्य गुण मात्र होइन; यो त मानव जीवनकै प्राणवायु वा जीवनरक्त हो।

प्रेम र धर्मको अन्तर्सम्बन्ध

तल दिइएको कुरलले प्रेम र धर्म कसरी अविभाज्य छन् भन्ने कुरा स्पष्ट पार्छ:

அன்பும் அறனும் உடைத்தாயின் இல்வாழ்க்கை
பண்பும் பயனும் அது. (குறள்45)

அன்பும் அறனும் உடைத்தாயின் இல்வாழ்க்கை
பண்பும் பயனும் அது। (कुरल 45)

धर्म र स्नेहले युक्त गृहस्थ जीवन छ धन्य;
लोक र परलोकको सुफल छ उसलाई प्राप्त अनन्य।

जसको गृहस्थि जीवन प्रेम (स्नेह) एवंम धर्मले परिपूर्ण छ उसैको कृति संसारमा सदा जिवीत रहन्छ।

गृहस्थ जीवनको महानता धन-सम्पत्ति वा भौतिक शक्तिमा नभई प्रेम र धर्मले परिपूर्ण जीवनमा निहित हुन्छ। प्रेम हृदयको आन्तरिक भाव हो भने धर्म चाहिँ त्यसैको व्यावहारिक अभिव्यक्ति हो।

प्रेमयुक्त मानिसले कहिल्यै पनि अरूलाई हानि पुऱ्याउने चाहना राख्दैन। जब तपाईंले अरूको पीडालाई आफ्नै पीडासरह महसुस गर्नुहुन्छ, तब दानशीलता, आतिथ्य सत्कार, हिंसा नगर्ने भाव, जीव हत्या नगर्ने प्रवृत्ति र करुणा जस्ता उच्च मानवीय गुणहरू स्वतः प्रस्फुटित हुन्छन्। तिरुक्कुरलमा वर्णित धर्म कुनै दबाब वा बाध्यताको पालना गर्ने आचारसंहिता होइन; यो त प्रेमबाटै स्वाभाविक रूपमा विकसित हुने जीवनपद्धति हो। वल्लुवरले यसलाई अझ गहिराइमा पुगेर यसरी प्रष्ट पार्नुहुन्छ:

அறத்திற்கே அன்புசார்பு என்ப அறியார்
மறத்திற்கும் அஃதே துணை. (குறள்76)

அறத்திற்கே அன்புசார்பு என்ப அறியார்
மறத்திற்கும் அஃதே துணை। (कुरल 76)

भन्छन् अज्ञानी प्रेमले रक्षा गर्छ धर्मको;
वास्तवमा नाश गरी अधर्मको गर्छ रक्षा जगको।

अज्ञानी भन्छन् प्रेमले धर्मको रक्षा गर्छ तर वास्तवमा प्रेमले अधर्मको नाश गरी मानिसको रक्षा पनि गर्छ।

प्रेम केवल कोमलता वा मृदुलताको प्रतीक मात्र होइन। यो त मानिसलाई आफ्नो कर्तव्य पूरा गर्न, अरूका लागि आत्मत्याग गर्न र न्यायको पक्षमा साहसपूर्वक उभिन प्रेरित गर्ने एक आन्तरिक सामर्थ्य र आत्मबल पनि हो।

धर्म: यसको आरम्भ मनको शुद्धताबाट हुन्छ

तिरुवल्लुवरको नैतिकता वा धर्मसम्बन्धी चिन्तन केवल बाह्य कर्म वा आचरणमा मात्र सीमित छैन; यो आन्तरिक जीवनमा आधारित छ। धर्मको आरम्भ मानव मनबाटै हुन्छ। अतः

மனத்துக்கண் மாசிலன் ஆதல் அனைத்தறன்
ஆகுல நீர பிற. . (குறள் 34)

मनत्तुक्कण् मासिलन् आदल् अनैत्तऱन्

आहुल नीर पिऱ।

निर्मल र सफा मन छ धर्मको स्वरूप;
यस बिना छ आचरण मात्र आडम्बर,बिरूप ।

हृदयलाई निर्मल र सफा राख्नु मात्र धर्मको स्वरूप हो। अरू सबै कर्महरू (व्यर्थ) आडम्बर मात्र हुन् ।

वल्लुवर भन्नुहुन्छ- निष्कलङ्क र शुद्ध मन नै धर्मको वास्तविक आधार हो। कुनै कर्म बाहिरबाट हेर्दा जतिसुकै असल र महान् देखिए तापनि, यदि त्यसको पछाडि छल, डाहा, लोभ वा प्रसिद्धिको भोको मनसाय लुकेको छ भने त्यसको नैतिक मूल्य वा सार्थकता घट्छ। धर्म वा नैतिकता मानिसले के गर्छ भन्ने कुरामा मात्र सीमित हुँदैन, बल्कि उसले कुन मनसाय वा नियतले त्यो कर्म गर्छ भन्ने कुरामा निहित हुन्छ।

तिरुवल्लुवरले धर्मको महानतालाई विभिन्न दृष्टान्तका माध्यमबाट प्रष्ट पार्नुभएको छ:

அறத்தினூஉங்கு ஆக்கமும் இல்லை அதனை
மறத்தலின் ஊங்கில்லை கேடு. (குறள்32)

अऱत्तिनूउङ्गु आक्कमुम् इल्लै अदऩै
मऱत्तलिन् ऊङ्गिल्लै केडु। (कुरल 32)

साधन श्रेष्ठ धर्म नै छ गर्छ मानव कल्याण;
यसको छोडे तनिक पथ हुन्छ उसको अकल्याण ।

धर्मजस्तो श्रेष्ठ वस्तुलाई त्यागेर कुबाटामा लाग्नेहरूको पतन निश्चित छ ।

धन-सम्पत्ति र शक्ति क्षणभङ्गुर (अस्थायी) हुन्छन्, तर धर्म र नैतिक आचरणबाट प्राप्त हुने मानवीय मूल्य तथा गरिमा अनन्तकालसम्म रहिरहन्छ। त्यसैले थिरुवल्लुवरले धर्मलाई नै मानव जीवनको सबैभन्दा ठूलो र सर्वोच्च सम्पत्तिका रूपमा स्वीकार गर्नुभएको छ।

प्रेमदेखि करुणासम्म

तिरुक्कुरलमा वर्णित प्रेम केवल परिवार, नातेदार वा निकटतम घेराभित्र मात्र सीमित रहँदैन। जब यो प्रेम मानिसको दायरा नाघेर समस्त जीवजगत् र प्राणीहरूसम्म विस्तार हुन्छ, तब यसले 'करुणा' (अरुल - Arul) भनिने सर्वोच्च आध्यात्मिक तथा नैतिक अवस्था प्राप्त गर्दछ।

அருட்செல்வம் செல்வத்துள் செல்வம் பொருட்செல்வம்
பூரியார் கண்ணும் உள. (குறள் 241)

अरुट्चेल्वम् सॆल्वत्तुळ् सॆल्वम् पॊरुट्चॆल्वम्
पूरियार् कण्णुम् उळ।(कुरल 241)

सबै धनमा श्रेष्ठ छ दयारुपी सम्पति;
नीच व्यक्तिका पासमा पनि छ भौतिक सम्पति।

दया नामक सम्पति सबै सम्पतिहरूमा अति विशिष्ट छ।भौतिक र संसारिक धन त क्षुद्र मानिसका पासमा पनि हुन्छ।

अन्य जीवहरूको दुःख-पीडालाई आफ्नै ठानेर महसुस गर्ने 'करुणा रूपी धन' भौतिक धन-सम्पत्तिभन्दा धेरै उच्च र श्रेष्ठ ठहरिन्छ। यसरी तिरुक्कुरलमा वर्णित प्रेमको चेतना चरणबद्ध रूपमा फराकिलो हुँदै जान्छ: पहिले व्यक्तिगत प्रेम, त्यसपछि पारिवारिक प्रेम, त्यसपछि सामाजिक प्रेम, र अन्त्यमा समस्त प्राणीहरूप्रतिको सर्वव्यापी करुणा। त्यसैले त तिरुवल्लुवर सोध्नुहुन्छ:

தன்னுயிர்க்கு இன்னாமை தானறிவான் என்கொலோ
மன்னுயிர்க்கு இன்னா செயல். (குறள் **318**)

तन्नुयिर्क्कु इन्नामै तान्रिवान् ऎन्कॊलो
मन्नुयिर्क्कु इन्ना सॆयल्। (कुरल 318)

जुन कर्मले आफ्नो अहित हुन्छ छ यसकोदृड ज्ञान;
फेरि अरु प्राणीको अहित किन गर्छन् नादान।

जो व्यक्तिलाई दुःखको पिडाको अनुभूति प्राप्त छ, यो जान्दा जान्दै पनि अरुलाई मानिसहरू किन दुःख दिन्छन्।

आफूलाई परेको पीडा के हो भन्ने जानेको मानिसले कसरी अरू प्राणीहरूमाथि उस्तै पीडा पु-याउन सक्छ?" भन्ने यस एउटै प्रश्नमा धर्म वा नैतिकताको गहिरो आधार प्रकट भएको छ। अरूको ठाउँमा आफूलाई राखेर हेर्न सक्ने (परानुभूतिले युक्त) हृदय नै धर्मको वास्तविक आरम्भ हो।

आजको विश्वका लागि सन्देश

मानव समाजले विज्ञान, प्रविधि र अर्थतन्त्रको क्षेत्रमा अभूतपूर्व प्रगति गरेको छ, तापनि घृणा, हिंसा, स्वार्थ र भेदभाव अझै कायम छन्। यस परिस्थितिमा, तिरुवल्लुवरको 'तिरुक्कुरल'मा दर्शाइएको प्रेम र धर्म प्राचीन विचारका रूपमा मात्र होइन, आजको आधुनिक विश्वलाई अपरिहार्य रूपमा चाहिने मानवीय सिद्धान्तका रूपमा चम्किरहेका छन्।

ज्ञानले मानिसलाई शक्ति प्रदान गर्दछ, अनि धर्म (नैतिकता) ले त्यो शक्तिलाई सत्कर्मतर्फ मार्गनिर्देश गर्दछ। प्रविधिले मानिसहरूलाई आपसमा जोड्छ, अनि प्रेमले उनीहरूको हृदयलाई एक बनाउँछ। कानुनले दुष्कर्म वा अपराध हुनबाट रोक्छ, अनि धर्मले कहिल्यै गलत कार्य नगर्ने निर्मल मनको निर्माण गर्दछ।

तिरुक्कुरलमा प्रेम र धर्म दुई भिन्नाभिन्नै सिद्धान्त वा मत होइनन्। प्रेम धर्मको जड (मूल) हो, अनि धर्म प्रेमको फल हो। प्रेमले मानिसलाई संकीर्ण स्वार्थबाट मुक्त गराउँछ, अनि धर्मले उसलाई समग्र समाजको सर्वहित (कल्याण) तर्फ दोहो-याउँछ। जब प्रेम फराकिलो भएर करुणामा परिणत हुन्छ, तब मानिसले सम्पूर्ण जीवजगत्लाई आफूसँगै जोडिएको देख्छ।

थिरुवल्लुवरले देखाउनुभएको धर्मको जीवन भय वा डरका कारण पालना गरिने आचरण होइन; यो त प्रेमबाट स्वाभाविक रूपमा प्रस्फुटित हुने जीवनयापनको एक उच्च मार्ग हो। प्रेमले मानिसलाई 'मानव' बनाउँछ, अनि धर्मले उसलाई 'उत्कृष्ट मानव' (उच्च चेतनायुक्त व्यक्ति) बनाउँछ। जहाँ यी दुवैको सङ्गम हुन्छ, त्यहाँ व्यक्तिगत शान्ति, पारिवारिक कल्याण, सामाजिक एकता र विश्व भ्रातृत्वको विकास हुन्छ।

5.2 तिरुक्कुरलमा आतिथ्य सत्कार

अतिथि सत्कार तमिल संस्कृतिको सबैभन्दा उत्कृष्ट र महान् चिनारीहरूमध्ये एक हो। आफ्नो ढोकामा आएका अपरिचित व्यक्तिलाई पनि हसिलो अनुहारले स्वागत गर्नु, तिनलाई प्रेमपूर्वक भोजन गराउनु र हेरचाह गर्नु तमिल जीवनशैलीको मूल मर्म हो। थिरुवल्लुवरले यसलाई केवल एउटा सामाजिक बानी वा शिष्टाचारका रूपमा मात्र लिनुभएको छैन; उहाँले यसलाई गृहस्थ जीवनको आधारभूत धर्मको स्थानमा उच्च पार्नुभएको छ। उहाँले तिरुक्कुरलमा अतिथि सत्कारका लागि एउटा सिङ्गो अध्याय नै समर्पित गर्नुभएको छ, जहाँ पाहुना वा अभ्यागतहरूको हेरचाह र सेवाको महानतालाई प्रष्ट पारिएको छ।

गृहस्थ जीवनको मूल उद्देश्य : अतिथि सत्कार

> இருந்தோம்பி இல்வாழ்வது எல்லாம் விருந்தோம்பி
> வேளாண்மை செய்தற் பொருட்டு. (குறள் ***81***)
>
> इरुन्दोम्बि इल्वाऴ्वदु ऍल्लाम् विरुन्दोम्बि
> वेळाण्मै सॆय्दर् पॊरुट्टु। (कुरल 81)
>
> गृहस्थ जीवन तब मात्र छ धन्य धन्य;
> खुला मनले जब गरिन्छ आदर अतीथीको अनन्य।
>
> घर गृहस्थी जीवनको मूल उदेश्य नै अतीथीको सत्कार र परोपकार गर्नु हो।

वल्लुवर भन्नुहुन्छ- मानिसले धन कमाउनु, त्यसको रक्षा गर्नु र परिवारको पालनपोषण गर्नु केवल आफू र आफ्नो परिवारको गुजाराका लागि मात्र होइन, बल्कि अरूको सेवा र सहयोगका लागि उपयोगी बन्नु पनि हो। यहाँ अतिथि सत्कार केवल भोजन गराउनुमा मात्र सीमित छैन; यो आफूसँग भएको वस्तु बाँडेर जिउने एक सामाजिक धर्म (Virtue of Sharing) बन्न पुग्छ।

वल्लुवर अझ भन्नुहुन्छ- जबसम्म अतिथि बाहिर पर्खिरहेका हुन्छन्, तबसम्म एक्लै भोजन गर्नु सर्वथा अनुचित हो, चाहे त्यो भोजन अमर बनाउने अमृत नै किन नहोस्:

> விருந்து புறத்ததாத் தானுண்டல் சாவா
> மருந்தெனினும் வேண்டற்பாற்று அன்று. (குறள் ***82***)
>
> विरुन्दु पुऱत्तदात् तानुण्डल् सावा
> मरुन्देऩिनुम् वेण्डऱ्पाऱ्ऱु अऩ्ऱु। (कुरल 82)
>
> देव अमृत भए पनि घरमा नपिउनु कहिले एक्लै;
> आएका अतीथी बाहिर बसाई आफू भित्र गई।
>
> यदी घरमा अमर अमृत नै भए पनि आएको अतिथीलाई बाहिर बसाइ एकलै भित्र गएर त्यसको पान गर्नु (पिउनु) अनुचित हो।

यसको गहिरो र वास्तविक मर्म छ, आफूले प्राप्त गरेको धन वा संसाधनलाई केवल आफूभित्र मात्र सीमित राख्नु (साँचेर राख्नु वा एक्लै उपभोग गर्नु) धनको साँचो प्रयोग गर्नु वा सार्थकता होइन।

प्रफुल्ल अनुहार र भाव: भोजनभन्दा श्रेष्ठ

अतिथि सत्कारमा भोजन वा खाद्यवस्तु मात्रै सबै थोक होइन; त्यो भोजन कस्तो भाव वा भावनाका साथ अर्पण गरिन्छ भन्ने कुरा, र प्रफुल्ल आत्मीयता तथा हसिलो अनुहार हुनु पनि उत्तिकै अनिवार्य र महत्त्वपूर्ण हुन्छ।

மோப்பக் குழையும் அனிச்சம் முகம்திரிந்து
நோக்கக் குழையும் விருந்து. (குறள் ***90***)

मोप्पक् कुऴैयुम् अऩिच्चम् मुहम्तिरिन्दु
नोक्कक् कुऴैयुम् विरुंदु। (कुरल 90)

सुँघ्दै अनिच्चा कुसुम मुरझाई जान्छ जसरी;
हेय दृष्टिले हेरे अतीथी मुरझाई जान्छ उसरी।

जसरी सुघंदैमा मानिसको श्वाशको उष्णता(गर्मी)ले अनिच्चाको फूल मुरझाँउछ उसरी नै अतीथीलाई पनि रुखो वचनले ठेस लाग्छ।

वल्लुवर भन्नुहुन्छ- जसरी 'अनिच्चम्' फूल सुँघ्नेबित्तिकै ओइलाएर जान्छ, त्यसरी नै यदि अतिथिलाई अनिच्छुक वा मलिन अनुहारले स्वागत गरियो भने तिनको हृदय ओइलाउँछ। उहाँले यहाँ सूक्ष्म रूपमा यो शिक्षा दिनुभएको छ कि साँचो अतिथि सत्कार पस्किएको भोजन वा वस्तुको परिमाणमा होइन, तर अतिथिलाई "तपाईँ हाम्रा लागि प्रिय हुनुहुन्छ" भन्ने आत्मीयताको अनुभूति गराउनुमा निहित हुन्छ।

सामाजिक सम्बन्धको आधार

अतिथि सत्कारले मानिसहरू बीचको दुरीलाई घटाउँछ। यसले कुनै नयाँ वा अपरिचित व्यक्तिलाई आफ्नै नातेदारमा परिणत गर्छ र व्यक्तिलाई समग्र समाजसँग जोड्दछ। त्यसैले यसलाई केवल व्यक्तिगत धर्म (गुण) का रूपमा मात्र होइन, सामाजिक एकता निर्माण गर्ने एक उच्च सामर्थ्य वा माध्यमका रूपमा पनि हेर्न सकिन्छ। तल दिइएको कुरलले यो स्पष्ट पार्छ कि अतिथि सत्कारलाई गृहस्थ जीवनको सबैभन्दा श्रेष्ठ र महान् कर्तव्यका रूपमा सम्मान गरिएको थियो:

இருந்தோம்பி இல்வாழ்வது எல்லாம் விருந்தோம்பி
வேளாண்மை செய்தற் பொருட்டு. (குறள் ***81***)

इरुन्दोम्बि इल्वाऴवदु ऍल्लाम् विरुन्दोम्बि
वेळाण्मै सॆय्दर् पॊरुट्टु। (कुरल 81)

गृहस्थ जीवन तब मात्र छ धन्य धन्य;
खुला मनले जब गरिन्छ आदर अतीथीको अनन्य।

घर गृहस्थी जीवनको मूल उदेश्य नै अतीथीको सत्कार र परोपकार गर्नु हो।

बुद्धिमान सन्तान जन्माउनु जस्तो ठूलो उपल्बधि मानिसकालागि अरु केही छैन।
यो विचार आजको सहरीकृत र व्यक्तिवादी जीवनमा पनि उत्तिकै सान्दर्भिक छ। आधुनिक अतिथि सत्कार केवल भोजन अर्पण गर्नुमा मात्र होइन, अरूको आदर-सम्मान गर्नु, नयाँ आगमनकर्ताहरूलाई न्यानो स्वागत गर्नु र सहयोगको खाँचो परेकाहरूको साथमा उभिनुमा निहित छ।

तिरुक्कुरलमा अतिथि सत्कार भोजन दिने भौतिक क्रिया मात्र होइन; यो त हृदयको साटासाट (आत्मीयता) गर्ने धर्म हो। धनको श्रेष्ठता र पहिचान त्यसको सञ्चय वा अधिकारमा होइन, त्यसको बाँडफाँडमा हुन्छ। घरको महानता त्यहाँभित्रका भौतिक सुख-सुविधामा होइन, बल्कि त्यहाँ आउने अभ्यागत वा अतिथिहरूले महसुस गर्ने प्रेम र न्यानोपनमा हुन्छ। अतिथि सत्कारका माध्यमबाट थिरुवल्लुवरले यो महान् मानवीय सिद्धान्तलाई स्थापित गर्नुहुन्छ कि— 'गृहस्थ जीवनको सर्वोच्च आदर्श केवल आफ्ना लागि मात्र नभई अरूका लागि पनि बाँच्नु हो।

5.3. तिरुक्कुरलमा सम्पूर्ण प्राणीहरूप्रतिको करुणा

तिरुक्कुरलले एउटा अत्यन्त व्यापक नैतिक दृष्टिकोण अङ्गीकार गर्दछ: मानिसले केवल मानव समुदायप्रति मात्र होइन, संसारका समस्त प्राणी र जीवहरूप्रति आदर, दया र सम्मानका साथ बाँच्नुपर्छ। 'करुणा' (Aruludaimai), 'मांसाहारको निषेध' (Pulal Maruthal), 'हिंसा नगर्नु' (Kollamai) र 'अहित नगर्नु' (Inna Seiyamai) जस्ता अध्यायहरूमार्फत थिरुवल्लुवरले संसारका प्रत्येक जीवको जिउने अधिकार (Right to Live) लाई दृढतापूर्वक स्थापित गर्नुभएको छ।

अर्को जीवनलाई आफ्नै जीवनजस्तै ठान्नु

> *தன்னூன் பெருக்கற்குத் தான்பிறிது ஊன்உண்பான்*
> *எங்ஙனம் ஆளும் அருள். .* (குறள் ***251***)
>
> तऩ्ऩून् पॆरुक्कऱ्कुत् ताऩ्पिऱिदु ऊऩ्उण्बाऩ्
> ऎङ्ङऩ्ऩम् आळुम् अरुळ्। (कुरल 251)
>
> शरीर वृद्धि गर्न आफ्नो जो खान्छन् पर मांस;
> यस्ता दयाहीनका हृदयमा दयाको छ कहाँ निवाश।
>
> आफ्नो शरीरमा मासु लागोस भनि जो अर्काको (अर्को प्राणी,जीवजन्तुको) मासु खान्छन् यस्ताका हृदयमा दयाको वास कसरी सम्भव छ ?

तिरुवल्लुवरले यहाँ अत्यन्त कठोर र तर्कसम्मत प्रश्न उठाउनुभएको छ, के आफ्नो शरीरको मांसपिण्ड मोटो होस् भनेर वा स्वाद तृप्त पार्न लागि अरू जीवको प्राण लिने मानिसले साँच्चै नै करुणाको अर्थ बुझ्न सक्छ?

> *அருளல்லது யாதெனின் கொல்லாமை கோறல்*
> *பொருளல்லது அவ்வூன் தினல்.* (குறள் ***254***)
>
> अरुळल्लदु यादॆऩिऩ् कॊल्लामै कोऱल्
> पॊरुळल्लदु अव्वून् तिऩल्। (कुरल 254)
>
> निर्दयता हो जीववध दया अहिंसा धर्म;
> गर्नु मांसाहार छ यो धर्महीन दुष्कर्म।
>
> हत्या नगर्नु नै धर्म हो तथा हत्या गर्नु निश्चय नै अधर्म हो। आफू वध नगरी अर्काले मारेको जीवको मासु खानु ठूलो अधर्म हो। यसले वध गर्नेलाई अवसर र उत्साह प्रदान गर्छ।

तिरुवल्लुवरले 'अहिंसा' अर्थात् कुनै पनि जीवको हत्या नगर्नु वा प्राण नलिनुलाई नै सार्वभौमिक करुणाको पहिलो र अनिवार्य मूलाधार बनाउनुहुन्छ।

समस्त जीवजगत्प्रतिको करुणाको पराकाष्ठा

तल दिइएको कुरलले यो स्पष्ट रूपमा प्रतिपादन गर्दछ कि- जसले संसारका कुनै पनि जीवलाई अहित, पीडा वा हिंसा नगरी आफ्नो जीवन व्यतीत गर्दछ, उही नै मानव समुदायमा सबैभन्दा उच्च र श्रेष्ठ स्थानमा विराजमान हुन्छ।

> *கொல்லான் புலாலை மறுத்தானைக் கைகூப்பி*
> *எல்லா உயிரும் தொழும்.* (குறள் 260)
>
> कॊल्लाऩ् पुलालै मऱुत्ताऩैक् कैकूप्पि
> ऐल्ला उयिरुम् तॊऴुम्। (कुरल 260)

नता कसैलाई हिंसा गर्छन् न गर्छन् मांसहार;
यस्तो पवित्र जनको चरण पूजा गर्छ यो संसार।

जो मानिस कुनै जीवजन्तु मारी मासु खाँदैनन्, यस्ता पवित्र जनलाई संसारले दुइ कर जोडी पूजा गर्छन्।

अन्य जीवहरूप्रति केवल दया वा दुःख महसुस गर्नु मात्र पर्याप्त हुँदैन भन्ने यो कुरलले देखाउँछ:

உண்ணாமை வேண்டும் புலாஅல் பிறிதொன்றன்
புண்அது உணர்வார்ப் பெறின். (குறள் ***257***)

उण्णामै वेण्डुम् पुलाअल पिऱिदोऩ्ऱन्
पुण्अदु उणर्वार्प् पेऱिन्। (कुरल 257)

कुनै प्राणीको काटिएको दूषित अंगमात्र हो मांस;
जसलाई यसको ज्ञान छ गर्दैनन् भक्षण अरुको मांस।

मासु कुनै मरेको प्राणीको काटिएको एउटा दूषित अंग हो।यसको ज्ञान हुने मानिस मांसहार गर्दैनन्।

अर्को प्राणीको दुःख र पीडालाई आफ्नै मनमा अनुभूत गर्नु नै वास्तवमा 'जीवनप्रतिको करुणा' हो भन्ने यो कुरलले प्रष्ट पार्छ। हामीले यस्तो जीवनशैली रोज्नुपर्छ जसले कुनै पनि जीवलाई दुःख नपुऱ्याओस् भन्ने यस अध्यायको गहिरो सन्देश हो।

आजको सन्दर्भमा यस विचारलाई जीव-संरक्षण, जैव-विविधता (Biodiversity) र पर्यावरणीय संवर्द्धन (Environmental Conservation) जस्ता आधुनिक अवधारणाहरूसँग जोड्न सकिन्छ। तिरुवल्लुवरको समस्त जीवप्रतिको करुणाले मानिस प्रकृतिको शासक वा मालिक होइन, तर प्रकृतिको जीवन-शृङ्खला (Chain of Life) को एउटा सामान्य अङ्ग मात्र हो भन्ने बोध गराउँछ।

तिरुक्कुरलमा जीवप्रतिको करुणाले मानव-प्रेमको सीमालाई अझ व्यापक र विस्तारित बनाउँछ। यस ग्रन्थले हामीलाई जसरी हामी आफ्नो जीवनको रक्षा गर्छौँ, त्यसरी नै समस्त प्राणीहरूको रक्षा गर्न र तिनलाई आदर गर्न सिकाउँछ। मानिसको महानता उसको शारीरिक वा राजनीतिक शक्तिमा होइन, बल्कि आफूभन्दा कमजोर जीवहरूप्रति देखाइने करुणा र दयामा निहित हुन्छ। यसरी तिरुक्कुरलले संसारका सम्पूर्ण जीवहरूलाई समेट्ने एक व्यापक नीतिशास्त्र (Broad Universal Ethics) प्रस्तुत गर्दछ।

5.4 तिरुक्कुरलमा त्याग (वैराग्य)

सद्गुण खण्डमा गृहस्थ जीवनको आचारसंहितापछि तपस्वी जीवनको आचारसंहिताको चर्चा गरिएको छ। यसका धेरै अध्यायहरूले 'त्याग' भन्नाले संसारबाट केवल भौतिक रूपमा अलग हुनु मात्र होइन; यसको अर्थ इच्छा, आसक्ति, क्रोध र अहङ्कारजस्ता मानसिक बन्धनहरूमाथि विजय प्राप्त गर्नु हो भन्ने कुरा स्पष्ट पार्छन्। व्याख्यात्मक परम्पराले 'सद्गुण खण्ड' का अध्यायहरूलाई 'गृहस्थ जीवन' र 'तपस्वी जीवन' गरी दुई भागमा विभाजन गरेको छ।

आसक्ति त्याग्नु

अत्यधिक आसक्तिले मानव जीवनमा ठूलो दुःख र कष्ट निम्त्याउँछ। धन, यश र शक्ति जीवन निर्वाहका साधन बन्नुपर्छ; तिनीहरूले मानिसलाई नियन्त्रण गर्ने वा शासक बन्ने शक्ति बन्नु हुँदैन। जीवनमा यस सिद्धान्तलाई आत्मसात् गर्न ईश्वरको कृपा अपरिहार्य हुन्छ, र त्यो कृपा प्राप्त गर्न मानिसले अन्य सबै सांसारिक आसक्तिहरू त्यागेर दृढताका साथ ईश्वरको चरण समात्नुपर्छ।

பற்றுக பற்றற்றான் பற்றினை அப்பற்றைப்
பற்றுக பற்று விடற்கு. (குறள் 350)

पऱ्ऱुह पऱ्ऱऱ्ऱान् पऱ्ऱीनै अप्पऱ्ऱैप्
पऱ्ऱुह पऱ्ऱु विडऱ्कु। (कुरल 350)

यदि तँलाई इच्छा भए बन्धन मै बस भै परतन्त्र;
सकल बन्धनबाट बाँच्न बाँधिइ परम प्रभुमा छ स्वतंत्र।

सर्वदा बन्धनमुक्त परमेश्वरसित आफ्नो बन्धन स्थापित गर। अरु बन्धनबाट मुक्त हुन यस बन्धनलाई कायम राख्नु आवश्यक हुन्छ।

सच्चा त्याग बाहिरी पहिरन वा भेषभूषामा होइन, बल्कि हृदयमा निहित हुन्छ। इच्छालाई दमन नगरी केवल सन्यासीजस्तो देखिनुको कुनै अर्थ छैन। तसर्थ, थिरुवल्लुवरको वैराग्य वा त्याग भनेको आफैलाई नियन्त्रण गर्ने एक आन्तरिक अनुशासन हो।

त्याग र करुणा

तिरुक्कुरलमा भएको त्यागसम्बन्धी विचारले मानिसलाई समाजबाट अलग गर्दैन। करुणा, तपस्या, सत्यवादिता, क्रोधबाट मुक्ति, अहित नगर्नु र हत्या नगर्नु जस्ता गुणहरूका माध्यमबाट यसले मानिसलाई अझ बढी उत्तरदायी बनाउँछ।

जसले इच्छालाई जितेको छ, उसले अर्काको अधिकार खोस्दैन; जसले क्रोधलाई जितेको छ, उसले अरूलाई पीडा दिँदैन; र जसले अहंकारलाई जितेको छ, उसले अन्य जीवहरूलाई हेला गर्दैन। तसर्थ, त्याग भनेको संसारप्रति घृणा होइन; यो त आफ्नैभित्र भएको असीमित तृष्णामाथि विजय प्राप्त गर्नु हो।

उपभोग, प्रतिस्पर्धा र धनको लोभले भरिएको आजको आधुनिक संसारमा तिरुक्कुरलको त्यागसम्बन्धी दर्शनले एक नयाँ अर्थ बोकेको छ। आवश्यकता र चाहनाबीचको भिन्नता बुझ्दै जीवनमा संयम, आत्म-नियन्त्रण र सादापनका साथ बाँच्नु आजको युगमा पनि उत्तिकै महत्त्वपूर्ण छ।

तिरुक्कुरलले देखाएको त्याग संसारबाट भाग्नु होइन; यो त संसारमै रहेर मनलाई जित्नु हो। भौतिक वस्तुहरू त्याग्नुभन्दा आसक्ति छोड्नु ठूलो कुरा हो, र अरूलाई जित्नुभन्दा आफैलाई जित्नु ठूलो कुरा हो। यसरी थिरुवल्लुवरले वैराग्यलाई एक असाधारण जीवनशैलीका रूपमा प्रस्तुत गर्नुहुन्छ, जसले मानिसलाई आन्तरिक पवित्रता र मानसिक स्वतन्त्रतातिर डो-याउँछ।

5.5 तिरुक्कुरलमा व्यक्तिगत अनुशासन

एउटा राम्रो समाज असल मानिसहरूबाट बनेको हुन्छ। केवल कानुनहरूले मात्र समाजलाई परिष्कृत गर्न सक्दैनन्; आत्म-संयम, इमानदारी, उत्तरदायित्वको भावना र नम्रता जस्ता गुणहरू प्रत्येक व्यक्तिको मनमा जरो गाडेर बसेका हुनुपर्छ। तिरुक्कुरलले यस विषयलाई 'व्यक्तिगत अनुशासन' ओझुक्कम भनिने जीवनको व्यापक अवधारणा मार्फत सम्बोधन गर्दछ।

अनुशासन नै विशिष्टता हो

मानिसलाई माथि उठाउने वा महान् बनाउने कुरा धन वा पद होइन, बल्कि अनुशासन हो। त्यसैले थिरुवल्लुवरले कुरलमा यसरी उपदेश दिनुभएको छ:

ஒழுக்கம் விழுப்பம் தரலான் ஒழுக்கம்
உயிரினும் ஓம்பப் படும். (குறள் 131)

ऒऴुक्कम् विऴुप्पम् तरलान् ऒऴुक्कम्
उयिरिनुम् ओम्बप् पडुम्। (कुरल 131)

सदाचार, सम्पमन्नताले दिन्छ सबलाई श्रेय;
यसैले प्राण भन्दा अधिक रक्षणीय छ यो ज्ञय।

सदाचरणले मानिसलाई धनवैभव र यश प्रदान गर्छ। यसैले सदाचरणलाई आफ्नो जीवनभन्दा पनि मूल्यवान सम्झेर यसको रक्षा गर्नुपर्छ।

ज्ञान र सीपले मानिसलाई जीवनमा प्रगति गर्न मद्दत गर्न सक्छन्, तर अनुशासनले मात्र त्यो प्रगतिलाई सम्मानयोग्य बनाउँछ। थिरुवल्लुवर जोड दिँदै भन्नुहुन्छ कि अनुशासनलाई आफ्नो प्राणभन्दा पनि बढी जोगाउनुपर्छ। यदि कुनै विद्वान् वा ज्ञानी व्यक्तिमा अनुशासनको कमी छ भने, उसको त्यही ज्ञान समाजका लागि हानिकारक वा विनाशकारी बन्न सक्छ।

आत्म-संयम: अनुशासनको रक्षक

थिरुवल्लुवरले आत्म-संयमलाई व्यक्तिगत अनुशासनको केन्द्रबिन्दुमा राख्नुभएको छ। संयम भनेको विचार, वचन र कर्मलाई नियन्त्रण गर्ने क्षमता हो। तलको कुरलले यो कुरा स्पष्ट पार्छ कि एक परिपक्व मन भावनाको तत्कालै दास बन्दैन, बल्कि त्यसका परिणामहरू राम्ररी विचार गरेर मात्र कदम चालिन्छ:

அடக்கம் அமரருள் உய்க்கும் அடங்காமை
ஆரிருள் உய்த்து விடும். (குறள் 121)

अडक्कम् अमररुळ् उय्क्कुम् अडङ्गामै
आरिरुळ् उय्त्तु विडुम्। (कुरल 121)

संयमले दिलाँउछ मानिसलाई अमर लोकको बास;
असंयमले धकेली नरकमा गर्छ सब सर्वनाश।

आत्मासंयमले मानिसलाई अमरत्व प्रदान गर्छ। यदी व्यक्ति यसबाट अलिकति पनि विमुख भए नरकीय जीवनको भागी हुन्छ। (अर्थात जीवन दुःखमय हुन्छ।)

त्यसै गरी, मानिसका शब्द वा वाणी नै उसको अनुशासन मापन गर्ने कसमट्टी वा मापदण्ड हुन्।

தீயினால் சுட்டபுண் உள்ளாறும் ஆறாதே
நாவினால் சுட்ட வடு. (குறள் 129)

तीयिऩाल् सुट्टपुण् उळ्ळारुम् आऱादे
नाविऩाल् सुट्ट वडु। (कुरल 129)

घाउ पोलेको आगोले संभवतः पुरिन्छ एकदिन;
प्रहार तिखो वचनको असम्भव छ मेटिन कुनैदिन।

आगोले पोलेको घाउ केहीदिनपछि सुकेर जान्छ तर दुर्वचनले अरुलाई दिएको चोट कहिले मेटिँदैन।(अर्थात मानिसले आफूमाथि प्रयोग गरेको अपमानित शब्द कहिले भूल्दैन।)

यस कुरलले एउटा स्पष्ट र अकाट्य सत्य उजागर गर्दछ: शरीरमा लागेको घाउ समयक्रममा निको हुन सक्छ, तर शब्दहरूले मनमा छोडेको घाउ लामो समयसम्म कायमै रहन्छ। तसर्थ, व्यक्तिगत अनुशासनले केवल कर्म वा व्यवहारलाई मात्र नियन्त्रण गर्दैन; यसले मानिसको विचार, वाणी र भावना तीनैलाई एकसाथ परिष्कृत र सुसंस्कृत बनाउँछ।

व्यक्तिबाट समाजतर्फ

अनुशासित जीवनका लाभहरू केवल व्यक्तिविशेषमा मात्र सीमित रहँदैनन्। इमानदार र अनुशासित व्यक्तिहरूले राम्रो परिवारको निर्माण गर्छन्, असल परिवारहरू मिलेर एउटा सुसंस्कृत समाज बन्दछ, र एउटा उत्कृष्ट समाजले अन्ततः उत्तरदायी राष्ट्रको निर्माण गर्दछ। तसर्थ, सामाजिक परिवर्तनको वास्तविक सुरुवात व्यक्ति स्वयंबाट हुन्छ।

इन्टरनेट र सामाजिक सञ्जालको वर्तमान युगमा, व्यक्तिगत अनुशासनको दायरा अझ बढी फराकिलो र व्यापक बनेको छ। प्रत्यक्ष भेटघाट वा सामन्नेमा भन्न हिचकिचाउने कुराहरू अनलाइन (डिजिटल माध्यम) मा नलेख्नु, भ्रामक तथा असत्य सूचनाहरू नफैलाउनु, र अरू मानिसहरूको व्यक्तिगत गोपनीयताको सम्मान गर्नु, यी सबैलाई आधुनिक समयका अनुशासनका रूप मान्न सकिन्छ।

तिरुक्कुरलमा, व्यक्तिगत अनुशासन भनेको केवल बाहिरी बन्धन वा देखावटी नियन्त्रण होइन; यो त मानिसले स्वयंलाई अनुशासित र सन्तुलित राख्ने आन्तरिक आत्म-संयम हो। संयम, मिठासपूर्ण वाणी, इमानदारी, धैर्य र नम्रताले नै मानिसको वास्तविक मूल्य र श्रेष्ठताको फैसला गर्छन्। थिरुवल्लुवरको दृष्टिकोण के छ भने, संसारलाई बदल्ने प्रयास गर्नुअघि मानिसले आफूलाई परिष्कृत गर्नुपर्छ। व्यक्तिगत अनुशासन नै सामाजिक अनुशासनको पहिलो बीउ वा जग भएकाले, तिरुक्कुरलको यो विचार हरेक युगमा उत्तिकै सर्वकालिक र सान्दर्भिक छ।

5.6. तिरुक्कुरलमा आत्मविश्वाससम्बन्धी विचार

थिरुवल्लुवरले 'आत्म-विश्वास' (Self-confidence) शब्दको प्रत्यक्ष प्रयोग नगरे तापनि यसको निर्माण गर्ने अवधारणाहरू उत्साह, मानसिक सामर्थ्य, पुरुषार्थ (प्रयास), कार्य-दृढता र विपत्तिमा विचलित नहुनु जस्ता अध्यायहरूमा स्पष्ट रूपमा प्रकट हुन्छन्। वल्लुवरको दृष्टिकोण के छ भने मानिसको उन्नति वा अवनति ठूलो हदसम्म उसको मानसिक सामर्थ्य र निरन्तरको प्रयासमा निर्भर हुन्छ। उहाँले मानिसको वास्तविक उचाइ उसको मनको सामर्थ्य वा सङ्कल्पको मापनद्वारा निर्धारण हुन्छ भन्ने कुरा यस कुरलमा व्यक्त गर्नुभएको छ:

> *வெள்ளத் தனைய மலர்நீட்டம் மாந்தர்தம்*
> *உள்ளத் தனையது உயர்வு.* (குறள் 595)
>
> वॆळ्ळत् तऩैय मलर्नीट्टम् मान्दर्तम्
> उळ्ळत् तऩैयदु उयर्वु। (कुरल 595)
>
> जल कमल उत्ति नै बढ्छ जति छ जलको थाह;
> नर हुन्छन् त्यति नै बडा जति ठूलो राख्छन् उत्साह।
>
> पोखरीको जलस्तर अनुसार कमलको डण्डीको लम्बाइ हुन्छ। उसै प्रकार आफ्नो मानसिक उत्साह र तत्परताद्वारा नै मानिस महान हुन्छन्।

जसरी कमलको डाँठ पानीको गहिराइअनुसार माथि उठ्छ, त्यसरी नै मानिस पनि आफ्नो मनको उचाइअनुसार नै माथि उठ्छ। यस 'कुरल'ले उच्च आदर्श र आत्मविश्वास नै मानवीय प्रगतिको सुरुवात हो भन्ने कुरा सिकाउँछ।

मानसिक सामर्थ्य र सफलता

जीवनमा कुनै लक्ष्यमा पुग्नका लागि केवल उद्देश्य निर्धारण गर्नु मात्र पर्याप्त हुँदैन; त्यहाँसम्म पुग्नका लागि मानसिक सामर्थ्य (मनोबल) को आवश्यकता पर्दछ। विचार र कर्म जहाँ भेट हुन्छन्, सफलता त्यहीँ निर्माण हुन्छ। यसलाई स्पष्ट पार्दै वल्लुवर भन्नुहुन्छ:

எண்ணிய எண்ணியாங்கு எய்துப எண்ணியார்
திண்ணியர் ஆகப் பெறின். (குறள் 666)

ऎण्णिय ऎण्णियाङ्गु ऎय्दुब ऎण्णियार्
तिण्णियर् आहप् पॆऱिन्। (कुरल 666)

कर्मशक्तिमा प्रबल लक्ष्यप्रति जसको छ दृढभाव;
कुनै कार्यमा न कहिले निष्फल, कर्मनिष्ठको छ यो स्वभाव।

मन्त्री आवश्यक कार्यनिष्ठाले युक्त भए उनी योजनाअनुसार कार्य गर्न सफल हुन्छन्।

जीवनमा असफलता वा कठिनाइहरू आउँदा कहिल्यै पनि निराश भएर आफ्नो मनोबल गुमाउनु हुँदैन; सङ्कटका बीचमा पनि धैर्य र साहसका साथ अगाडि बढिरहनुपर्छ भन्ने कुरामा तिरुवल्लुवरले जोड दिनुभएको छ।

துன்பம் உறவரினும் செய்க துணிவாற்றி
இன்பம் பயக்கும் வினை. (குறள் *669*)

तुन्बम् उऱवरिनुम् सॆय्ह तुणिवार्ऱि
इन्बम् पयक्कुम् विनै। (कुरल 669)

कार्यकालमा संकट आए नत्याग्नु साहस र प्रयास;
यसको प्रतिफलमा उदय हुन्छ अनन्तः प्रकाश।

कार्य गर्दा विघ्न बाधाहरू आई लागहिले पनि कार्य गर्न छोड्नु हुँदैन, यसले अन्तमा लाभ प्रदान गर्छ।

तपाईंले हातमा लिनुभएको वा सुरु गर्नुभएको कार्यमा जस्तोसुकै बाधा-अड्चनहरू आए पनि त्यसलाई बीचैमा नछोड्नुहोस्; सफलता प्राप्त नभएसम्म निरन्तर लागिरहनुहोस्। आत्म-विश्वास भनेको केवल बाधा-अड्चनहरू मात्र देख्ने मनस्थिति होइन; यो त त्यस्तो मानसिक मनोदशा हो जसले ती सबै बाधाहरूलाई सफलतापूर्वक पार गर्न सकिन्छ भन्ने कुरामा दृढ विश्वास राख्छ।

परिश्रम र पुरुषार्थको मूल्य

पिऱवुम् तमपॊल् सॆयिऩ्। (कुरल 120)

आफ्नै समान झैं परसमानमा जो राख्छन् दृष्टि उदार;
नितिकुशल त्यस व्यपारीको हुन्छ सफल व्यपार।

जो आफ्नो समानको मात्र नभई अरुको समानको पनि उत्तिकै ख्याल राख्छ त्यो व्यपारीलाई सदा समृद्धि प्राप्त हुन्छ।

13. அடக்கமுடைமை

अडक्कमुडैमै - संयमशीलता

தீயினால் சுட்டபுண் உள்ளாறும் ஆறாதே
நாவினால் சுட்ட வடு. (குறள் 129)

तीयिऩाल् सुट्टपुण् उळ्ळाऱुम् आऱादे
नाविऩाल् सुट्ट वडु। (कुरल 129)

घाउ पोलेको आगोले संभवतः पुरिन्छ एकदिन;
प्रहार तिखो वचनको असम्भव छ मेटिन कुनैदिन।

आगोले पोलेको घाउ केहीदिनपछि सुकेर जान्छ तर दुर्वचनले अरुलाई दिएको चोट कहिले मेटिँदैन।(अर्थात मानिसले आफूमाथि प्रयोग गरेको अपमानित शब्द कहिले भूल्दैन।)

14. ஒழுக்கமுடைமை

ऒऴुक्कमुडैमै - शिष्टाचार

ஒழுக்கம் விழுப்பம் தரலான் ஒழுக்கம்
உயிரினும் ஓம்பப் படும். (குறள் 131)

ऒऴुक्कम् विऴुप्पम् तरलान् ऒऴुक्कम्
उयिरिनुम् ओम्बप् पडुम्। (कुरल 131)

सदाचार, सम्पमन्नताले दिन्छ सबलाई श्रेय;
यसैले प्राण भन्दा अधिक रक्षणीय छ यो ज्ञय।

सदाचरणले मानिसलाई धनवैभव र यश प्रदान गर्छ। यसैले सदाचरणलाई आफ्नो जीवनभन्दा पनि मूल्यवान सम्झेर यसको रक्षा गर्नुपर्छ।

15. பிறனில் விழையாமை

पिऱऩिल् विऴैयामै - परस्त्री लोलुपता

பிறன்மனை நோக்காத பேராண்மை சான்றோர்க்கு
அறனொன்றோ ஆன்ற ஒழுக்கு. (குறள் 148)

पिऱन्मनै नोक्काद पेराण्मै सान्ऱोर्क्कु
अऱनोन्ऱो आन्ऱ ऒऴुक्कु। (कुरल 148)

परस्त्रीमा आशक्त नहुनु छ धीरता महान;
धर्ममात्र होइन सन्तको सदाचरण छ मान।

जो संयमी व्यक्ति परस्त्रीमाथि वासना(कुबिचार) राख्तैनन् त्यस्ता पुरुष धर्मवान र मर्यदावान हुन्छन्। जगतमा उनको मान सदा रहन्छ।

16. பொறையுடைமை

पॊऱैयुडैमै - सहनशीलता

பொறுத்தல் இறப்பினை என்றும் அதனை
மறத்தல் அதனினும் நன்று. (குறள் 152)

पॊऱुत्तल् इऱप्पिनै ऎन्ऱुम् अदनै
मऱत्तल् अदऩिनुम् नऩ्ऱु। (कुरल 152)

उत्तम हो सबै समयमा सहनु अत्यचार;
त्यसलाई सहजै भुलिदिनु सबसे उच्च विचार।

आफूप्रति अत्यचार गर्ने अत्यचारीलाई क्षमा गर्नु उत्तम हो,तर सबै अपराध भुली उसित भद्र व्यवहार गर्नु झन् उत्तम हो।

17. அழுக்காறாமை

अऴुक्काऱामै - ईर्ष्या निवृति

ஒழுக்காறாக் கொள்க ஒருவன்தன் நெஞ்சத்து
அழுக்காறு இலாத இயல்பு. (குறள் 161)

ऒऴुक्काऱाक् कॊळ्ह ऒरुवन्तन् नॆञ्चत्तु
अऴुक्काऱु इलाद इयल्बु। (कुरल 161)

सदाचार सत्यपथमा छन् आचारवान विद्वान;
पर सन्ताप र ईर्ष्याको छैन मनमा भान ।

जो मानिस आफ्नो मनबाट ईर्ष्या हटाई सात्विक जीवन बिताउँछन्,उनको जीवन गुणले पूर्ण मानिन्छ

18. வெஃகாமை

वॆह्हामै - लोभ त्याग

அஃகாமை செல்வத்திற்கு யாதெனின் வெஃகாமை
வேண்டும் பிறன்கைப் பொருள். (குறள் 178)

अह्हामै सॆल्वत्तिऱ्कु यादॆऩिन् वॆह्हामै
वेण्डुम् पिऱऩ्कैप् पॊरुळ्। (कुरल 178)

पर धन हरण गरी गर्छन् आफ्नै धन विनाश;
निज समृद्धि तब सोच जब छोड्छौ यो धनको आस।

यदी धनलाई स्थाई राखी विनाशबाट बचाँउनु छ भने अर्काको धनको लोभ नगर। पराई धनको लोभ नगर्नु नै समृद्धि लाभको मार्ग हो।

19. புறங்கூறாமை

पुऱङ्कूऱामै - परनिन्दा नगर्नु

ஏதிலார் குற்றம்போல் தம்குற்றம் காண்கிற்பின்
தீதுண்டோ மன்னும் உயிர்க்கு. (குறள் 190)

एदिलार् कुऱ्ऱम्पोल् तम्कुऱ्ऱम् काण्गिऱ्पिऩ्
तीदुण्डो मऩ्ऩुम् उयिर्क्कु। (कुरल 190)

परछिद्र खोल्नु भन्दा खोज आफ्नै दोष;
यस्ता चिरजीवलाई छैन दुःख, पाउँछन सन्तोष।

अर्काको दोष खोज्नु भन्दा आफ्ना त्रुटिहरूको निरक्षण गर्नु उत्तम हो। यस्ता मानिसले कहिले दुखी हुनुपर्दैन।

20. பயனில சொல்லாமை

पयऩ्इल सॊल्लामै - व्यर्थ प्रलाप नगर्नु

சொல்லுக சொல்லில் பயனுடைய சொல்லற்க
சொல்லில் பயனிலாச் சொல். (குறள் 200)

सॊल्लुह् सॊल्लिल् पयनुडैय सॊल्लऱ्क
सॊल्लिल् पयऩिलाच् चॊल्। (कुरल 200)

बोल्नु सधैँ यस्तो शब्द जसले हुन्छ लाभ;
नबोल्नु कहिले यस्तो वचन जसमा छैन कुनै लाभ।

सधैँ सारयुक्त र समुचित कुरा मात्र बोल्नु। व्यर्थको कुरा बोलेर मानिसलाई केही लाभ छैन।

21. தீவினையச்சம்

तीविऩैयच्चम् - कुकर्मको भय

தீயவை தீய பயத்தலால் தீயவை
தீயினும் அஞ்சப் படும். (குறள் 202)

तीयवै तीय पयत्तलाल् तीयवै
तीयिऩुम् अञ्चप् पडुम्। (कुरल 202)

पापकर्म सदा दुःखजनक हुन्छ छ यस्तै रीत;
पावक भन्दा भीषण सम्झी सो हुनु भयभीत।

पापकर्म र दुराचारको फल दुखदायक हुन्छ।यसैले यस्तो पापकर्मलाई आगो भन्दा प्रलयकारी सम्झी यसबाट भयभीत हुनुपर्छ।

22. ஒப்புரவறிதல்

ऑप्पुरवऱिदल् - परोपकार

கைம்மாறு வேண்டா கடப்பாடு மாரிமாட்டு
என்னாற்றும் கொல்லோ உலகு. (குறள் 211)

कैम्मारु वेण्डा कडप्पाडु मारिमाट्टु
ऐऩ्ऩाऱ्ऱुम् कॊल्लो उलहु। (कुरल 211)

उपकारी चाहाँदैनन् लिन बदलामा उपकार;
बादलको बदला भला के दिन्छ संसार।

जसरी बादलले पृथिवीमा वर्षा गरी यस्को बदलामा केही लिंदैन् उसरी नै परोपकारी मनिस आफूले गरेको परोपकारको साटो केही चाहाँदैनन्।

23. ஈகை

ईहै - दान

அற்றார் அழிபசி தீர்த்தல் அஃதொருவன்
பெற்றான் பொருள்வைப் புழி. (குறள் 226)

अर्ऱार् अऴिपसि तीर्त्तल् अह्दोरुवन्
पॆर्ऱान् पॊरुळवैप् पुऴि। (कुरल 226)

जसको धनबाट भोजन पाई मिट्छ गरिबको त्रास;
अक्षयकोष तुल्य छ हुन्न कहिले उनको धनको नाश।

गरिबको तिव्र क्षुधा (भोक,दुःख) शान्त गराई जो आफ्नालागि धन संचय गर्छ, उसको ढिकुटी कहिले खाली हुँदैन।

24. புகழ்

पुहळ् - कीर्ति

ஈதல் இசைபட வாழ்தல் அதுவல்லது
ஊதியம் இல்லை உயிர்க்கு. (குறள் 231)

ईदल् इसैपड वाऴ्दल् अदुवल्लदु
ऊदियम् इल्लै उयिर्क्कु। (कुरल 231)

दिनु दान गरीबलाई बाँच्नु गरी यश लाभ;
यो भन्दा ठूलो मानिसलाई छैन अर्को कुनै लाभ।

दान दिएर यशस्वी जीवन व्यतित गर्नु भन्दा प्राप्त गर्न लायक अर्को कुनै श्रेष्ठ वस्तु छैन।

25. அருளுடைமை

अरुळुडैमै - दया भावना

அருட்செல்வம் செல்வத்துள் செல்வம் பொருட்செல்வம்
பூரியார் கண்ணும் உள. (குறள் 241)

अरुट्चॆल्वम् सॆल्वत्तुळ् सॆल्वम् पॊरुट्चॆल्वम्
पूरियार् कण्णुम् उळ। (कुरल 241)

सबै धनमा श्रेष्ठ छ दयारुपी सम्पति;
नीच व्यक्तिका पासमा पनि छ भौतिक सम्पति।

दया नामक सम्पति सबै सम्पतिहरूमा अति विशिष्ट छ।भौतिक र संसारिक धन त क्षुद्र मानिसका पासमा पनि हुन्छ।

26. புலால் மறுத்தல்

पुलाल् मऱुत्तल् - मांसाहार निषेध

கொல்லான் புலாலை மறுத்தானைக் கைகூப்பி
எல்லா உயிரும் தொழும். (குறள் 260)

कॊल्लान् पुलालै मऱुत्ताऩैक् कैकूप्पि
ऎल्ला उयिरुम् तॊऴुम्। (कुरल 260)

नता कसैलाई हिंसा गर्छन् न गर्छन् मांसहार;
यस्तो पवित्र जनको चरण पूजा गर्छ यो संसार।

जो मानिस कुनै जीवजन्तु मारी मासु खाँदैनन्, यस्ता पवित्र जनलाई संसारले दुइ कर जोडी पूजा गर्छन्।

27. தவம்

तवम् - तपस्या

உற்றநோய் நோன்றல் உயிர்க்குஉறுகண் செய்யாமை
அற்றே தவத்திற்கு உரு. (குறள் 261)

उऱ्ऱनोय् नोऩ्ऱल् उयिर्क्कुउऱुकण् सॆय्यामै
अऱ्ऱे तवत्तिऱ्कु उरु। (कुरल 261)

तपोनियमको पालन गरि सहनु कष्ट महान;
जीवहानी वर्जन तथा तपको यही निशान।

आफूलाई परिआएको साह्रा दुःख कष्ट सही अरु प्राणीलाई दुःख नदिनुमा नै तपस्याको स्वरुप निहित छ। अर्थात आफूले जस्तै दुःख कष्ट भोगे पनि अर्कालाई हानी नपुरयाउनु नै महान तपस्या हो।

28. கூடாவொழுக்கம்

कूडावॊऴुक्कम् - मिथ्याचार

வலியில் நிலைமையான் வல்லுருவம் பெற்றம்
புலியின்தோல் போர்த்துமேய்ந் தற்று. (குறள் 273)

वलियिल् निलैमैयान् वल्लुरुवम् पॆऱ्ऱम्
पुलियिऩ्तोल् पोर्त्तुमेय्न् दऱ्ऱु। (कुरल 273)

महा साधुको भेष धरी छैन दमन शक्ति चाँही;
बाघको चर्म ओडी जसरी खेतमा चर्छन् गाई।

बुद्धिहीन व्यक्तिद्वारा तपस्वीको रूप धारण गर्नु बाघको छाला ओढी खेतमा चरदै गरेको गाई समान हुनु हो। (अर्थात यो अर्थहिन हो।)

29. கள்ளாமை

कळ्ळामै - चोरी नगर्नु

எள்ளாமை வேண்டுவான் என்பான் எனைத்தொன்றும்
கள்ளாமை காக்கதன் நெஞ்சு. (குறள் 281)

ऎळ्ळामै वेण्डुवान् ऎऩ्बान् ऎऩैत्तोऩ्ऱुम्
कळ्ळामै काक्कतऩ् नॆञ्जु। (कुरल 281)

यदि नगरे निन्दनीय काम जगमा हुँदैन तिम्रो बदनाम;
छलकपट- चोरीबाट बाँच्नु छ पहिलो मुख्य काम।

यदी आफूलाई निन्दाबाट बँचाउनु छ भने आफ्नो मनलाई सदा छलकपटबाट बँचाउनु पर्छ।

30. வாய்மை

वाय्मै - सत्य

வாய்மை எனப்படுவது யாதெனின் யாதொன்றும்
தீமை இலாத சொலல். (குறள் 291)

वाय्मै ऎऩ्प्पडुवदु यादॆऩिऩ् यादोऩ्ऱुम्
तीमै इलाद सॊलल्। (कुरल 291)

परिभाषा छ सत्यको विनिगर्त हानी;
सत्य वचनले अलिकति पनि हुँदैन कसैलाई ग्लानी।

सत्य के हो ? यस प्रश्नको यही उत्तर छ- 'कसैको अहित नगर्ने वाणी नै सत्य हो।

31. வெகுளாமை

वॆहुळामै - क्रोध नगर्नु

தன்னைத்தான் காக்கின் சினம்காக்க காவாக்கால்
தன்னையே கொல்லும் சினம். (குறள் 305)

तऩ्ऩैत्तान् काक्किऩ् सिऩम्काक्क कावाक्काल्
तऩ्ऩैये कॊल्लुम् सिऩम्। (कुरल 305)

रक्षा हित आफ्नो गर्नु बाँची क्रोधबाट साफ;
यदी नबाँचे क्रोधबाट यसले गर्छ तिमीलाई साफ।

यदी स्वंय आफ्नो रक्षा गर्न चाहे ,अरुलाई क्रोध नगर्नु। क्रोधले नै तिम्रो विनाश गराउँछ।

32. இன்னா செய்யாமை

इऩ्ऩा सॆय्यामै - अर्काको अनिष्ट नगर्नु

இன்னாசெய் தாரை ஒறுத்தல் அவர்நாண
நன்னயம் செய்து விடல். (குறள் 314)

इऩ्ऩासॆय् दारै ऒऱुत्तल् अवर्नाण
नऩ्ऩयम् सॆय्दु विडल्। (कुरल 314)

अपराधीलाई क्षमा दानले गर लज्जित, त्यागी रोष;
क्षमादानको अंह त्यागी भुल सकल शत्रुको दोष।

कसैले आफूमाथि अपराध गरे यसलाई क्षमा गरी शत्रुलाई लज्जित तुल्याउनु उत्तम हो। साथै आफूले क्षमा गरेकोमा गर्व नगर्नु, यसलाई भूल्नु नै सर्व श्रेष्ठ हो।

33. கொல்லாமை

कॊल्लामै - अहिसा

பகுத்துண்டு பல்லுயிர் ஓம்புதல் நூலோர்
தொகுத்தவற்றுள் எல்லாம் தலை. (குறள் 322)

पहुत्तुण्डु पल्लुयिर् ओम्बुदल् नूलोर्
तॊहुत्तवर्ऱुळ् ऎल्लाम् तलै। (कुरल 322)

भोजन गर्नु बाँडी भोकाहरूलाई, रक्षा गर्नु सब जीव;
शास्त्रकारका मतमा यही छ उत्तम नीति अतिव।

भोकाहरूलाई भोजन बाँडेर आफू भोजन गरी सबै प्राणीहरूको रक्षा गर्नु शास्त्रकारहरूले सबै धर्ममा श्रेष्ठ मानेका छन्।

34. நிலையாமை

निलैयामै - अस्थिरता

நெருநல் உளனொருவன் இன்றில்லை என்னும்
பெருமை உடைத்திவ் வுலகு. (குறள் 336)

नॆरुनल् उळनॊरुवन् इऩ्ऱिल्लै ऎऩ्ऩुम्
पॆरुमै उडैत्तिव् वुलहु। (कुरल 336)

हिजो थियो प्रत्यक्ष जगतमहाँ आज छैन नाम निशान;
दुनियाँको यस्तो नियम छ भ्रममा छन् किन इन्सान।

हिजोसम्म जो जीवित थियो आज उनको नामोनिशान छैन।यसरी नै सबै चिज अस्थायी हुन्।संसारको यो अद्भुत महिमा हो।

35 . துறவு

तुऱवु - संन्यास

பற்றுக பற்றற்றான் பற்றினை அப்பற்றைப்
பற்றுக பற்று விடற்கு. (குறள் 350)

पऱ्ऱुह पऱ्ऱऱ्ऱान् पऱ्ऱीनै अप्पऱ्ऱैप्
पऱ्ऱुह पऱ्ऱु विडऱ्कु। (कुरल 350)

यदि तँलाई इच्छा भए बन्धन मै बस भै परतन्त्र;
सकल बन्धनबाट बाँच्न बाँधिइ परम प्रभुमा छ स्वतंत्र।

सर्वदा बन्धनमुक्त परमेश्वरसित आफ्नो बन्धन स्थापित गर। अरु बन्धनबाट मुक्त हुन यस बन्धनलाई कायम राख्नु आवश्यक हुन्छ।

36. மெய்யுணர்தல்

मेय्युणर्दल् - तत्वज्ञान

எப்பொருள் எத்தன்மைத்து ஆயினும் அப்பொருள்
மெய்ப்பொருள் காண்பது அறிவு. (குறள் 355)

ऍप्पॊरुळ् ऍत्तन्मैत्तु आयिनुम् अप्पॊरुळ्
मॆय्प्पॊरुळ् काण्बदु अऱिवु। (कुरल 355)

नाम, रूप, गुणमा मुग्ध नभै हेर्नु उसको सत्यस्वरूप;
यही सबको पछि परम सत्य छ एक ज्ञान अनूप।

कुनै वस्तुको रूप, आकार मात्र नहेरी उसका पछि लुकेको सत्य देख्नसक्नु नै साँचो ज्ञान प्राप्त गर्नु हो।

37. அவா அறுத்தல்

अवा अऱुत्तल् - तृष्णा दमन

அவாஎன்ப எல்லா உயிர்க்கும்எஞ் ஞான்றும்
தவாஅப் பிறப்பீனும் வித்து. (குறள் 361)

अवाऍन्ब ऍल्ला उयिर्क्कुम्ऍञ् ञान्ऱुम्
तवाअप् पिऱप्पीनुम् वित्तु। (कुरल 361)

नाना जन्ममा सबै जीवलाई तृष्णा बीज अचूक;
उप्जाउँछ यसले प्राणीमा जन्म मरणको हुक।

तृष्णा त्यो वीज हो जसले सबै प्राणीलाई सबै कालमा निरन्तर जन्म मरणको बन्धनमा अल्झाएर राख्छ।

38. ஊழ்

ऊळ् - प्रारब्ध

ஊழின் பெருவலி யாவுள மற்றொன்று
சூழினும் தான்முந் துறும். (குறள் 380)

ऊऴिन् पॆरुवलि यावुळ मऱ्ऱॊन्ऱु
सूऴिनुम् तान्मुन् तुऱुम्। (कुरल 380)

प्रारब्ध भन्दा बढि कुन छ अर्को शक्ति मान्य;
बिजयी यै छन् यदी यसमा चाल चलाए अन्य।

भाग्य भन्दा ठूलो शक्ति अर्को कुन छ। यदी कुनै दोश्रो शक्तिले यसलाई घेरे पनि यो अधिक सबल भै अरु सबै शक्तिहरूका उघि उपस्थि

2
பொருட்பால்
पोरुट्पाल् - भाग - अर्थ खण्ड

39. இறைமாட்சி

इरैमाट्चि - राजाका गुण र कर्म

முறைசெய்து காப்பாற்றும் மன்னவன் மக்கட்கு
இறையென்று வைக்கப் படும். (குறள் 388)

मुऱैसॆय्दु काप्पाऱ्ऱुम् मऩ्ऩवऩ् मक्कट्कु
इऱैयॆऩ्ऱु वैक्कप् पडुम्। (कुरल 388)

न्याय सन्धान गरी जो नरेश गर्छन् जनरक्षा;
प्रजा मान्छन् उनलाई ईश्वर तुल्य प्रत्यक्ष।

राजाले सबैलाई (शत्रु, मित्रलाई) एक समान न्याय दिलाउँछन्, यस्ता राजाका प्रजाले उनलाई ईश्वरलाई झैं सम्मान दिन्छन् र उनको भक्ति गर्छन्।

40. கல்வி

कल्वि - शिक्षा

கற்க கசடறக் கற்பவை கற்றபின்
நிற்க அதற்குத் தக. (குறள் 391)

कऱ्क कसडऱक् कऱ्पवै कऱ्ऱपिऩ्
निऱ्क अदऱ्कुत् तह। (कुरल 391)

सिक सिक्के योग्य सबै भ्रम सन्देह बिना सिख;
गर उसैकाअनुसार फेरि योग्य आचरण ठीक।

पवित्र ज्ञान जे भए पनि, जहाँबाट प्राप्त भए पनि यसलाई अवश्य ग्रहण गर तथा आजीवन यसको अनुशरण गरी व्यवहारमा ल्याऊ।

41. கல்லாமை

कल्लामै - अशिक्षा

விலங்கொடு மக்கள் அனையர் இலங்குநூல்
கற்றாரோடு ஏனை யவர். (குறள் 410)

विलङ्गॊडु मक्कळ् अऩ्ऩैयर् इलङ्गुनूल्
कऱ्ऱारॊडु एऩ्ऩै यवर्। (कुरल 410)

मानव र पशुका बीच जसरी छ ठूलो भेद;
सदग्रन्थका अध्येता र मूर्खमा उसरी छ ठूलो भेद।

जसरी मानव र पशुमा पृथ्वी र आकाशको फरक छ उसरी नै शिक्षित र अशिक्षित मानिसका बीचमा भेद छ। अशिक्षित मानिस पशुतुल्य हुन्छन्।

42. கேள்வி

केळ्वि - श्रवण

செல்வத்துள் செல்வம் செவிச்செல்வம் அச்செல்வம்
செல்வத்துள் எல்லாம் தலை. (குறள் 411)

सेल्वत्तुल् सेल्वम् सेविच्चेल्वम् अच्चेल्वम्
सेल्वत्तुळ् ऐल्लाम् तलै। (कुरल 411)

सबै धनमा श्रवण धन रहन्छ अधिक प्रधान;
यही श्रवण धन सबै धनमा पाउँछ शीर्षस्थान।

विद्वान र गुणीहरूका कथनको श्रवणपान गर्नु (सुन्नु) र यसमा अनुराग राख्नु नै महान सम्पदा हो। यो सबै धनमा उच्च धन हो।

43. அறிவுடைமை

अऱिवुडैमै - बुद्धिमता

எப்பொருள் யார்யார்வாய்க் கேட்பினும் அப்பொருள்
மெய்ப்பொருள் காண்பது அறிவு. (குறள் 423)

ऐप्पॊरुळ् यार्यार्वाय्क् केट्पिनुम् अप्पॊरुळ्
मेय्प्पॊरुळ् काण्बदु अऱिवु। (कुरल 423)

चाहे कोही व्यक्तिबाट सुन कुनै पनि बात;
तत्त्व बोध त्यस बातको बुद्धियुक्तता ज्ञात।

कहीँबाट कुनै व्यक्तिबाट जेसुकै ज्ञानका कुरा सुने पनि (त्यसबाट प्रभावित नभई) त्यस कथनभित्र भएको वास्तविकता जान्नु नै बुद्धिको लक्षण हो।

44. குற்றங்கடிதல்

कुऱ्ऱङ्गडिदल् - दोष निवारण

தன்குற்றம் நீக்கிப் பிறர்குற்றம் காண்கிற்பின்
என்குற்றம் ஆகும் இறைக்கு. (குறள் 436)

तन्कुऱ्ऱम् नीक्किप् पिऱर्कुऱ्ऱम काण्गिऱ्पिन्
ऐन्कुऱ्ऱम् आहुम् इऱैक्कु। (कुरल 436)

दोषमुक्त गरी आफूलाई अनि मात्र पराया दोष;
जो देख्छन्, यस्ता राजामा के हुन्थ्यो दोष।

जो पहिला आफ्नो दोष हटाई अरूको दोष देख्छन् अथवा अरूलाई सचेत गर्छन्, यस्ता शासक सदैव निष्कलङ्क र निरपराध रहन्छन्।

45. பெரியாரைத் துணைக்கோடல்

पेरियारैत् तुणैक्कोडल् - सत्संग लाभ

இடிப்பாரை இல்லாத ஏமரா மன்னன்
கெடுப்பார் இலானும் கெடும். (குறள் 448)

इडिप्पारै इल्लाद एमरा मन्नन्
केडुप्पार् इलानुम् केडुम्। (कुरल 448)

साँचो र विश्वासी सचिव नभए राजाका पास;
बिना शत्रु आफैं शत्रु छन् बोलाउँछन् विनाश।

राजाका साथमा साँचो आलोचक (राजाका आचारमाथि अंकुश राख्ने मित्र तथा सचिव) नभए ती राजा स्वयं आफ्नो विनाश गर्छन्। यस्ता राजाको विनाश गर्न कुनै शत्रुको आवश्यकता पर्दैन।

46. சிற்றினம் சேராமை

सिऱ्ऱिऩम् सेरामै - कुसंगतबाट बाँच्नु

நிலத்தியல்பால் நீர்திரிந்து அற்றாகும் மாந்தர்க்கு
இனத்தியல்ப தாகும் அறிவு. (குறள் 452)

निलत्तियल्बाल् नीर्तिरिन्दु अऱ्ऱाहुम् मान्दर्क्कु
इऩत्तियल्ब दाहुम् अऱिवु। (कुरल 452)

माटाका गुणअनुसार जसरी परिवर्तन छ बारी स्वभाव;
संगतिले उसरी नै बन्छ व्यक्तिको बुद्धिभाव।

जसरी जमीनको गुणअनुसार पानीको स्वाद तथा रङ परिवर्तन हुन्छ अर्थात मानिसका संगति हेरेर उसको स्वभाव जान्न सकिन्छ।

47. தெரிந்து செயல்வகை

तॆरिन्दु सॆयल्वहै - सोचेर काम गर्नु

எண்ணித் துணிக கருமம் துணிந்தபின்
எண்ணுவம் என்பது இழுக்கு. (குறள் 467)

ऎण्णित् तुणिह करुमम् तुणिन्दपिऩ्
ऎण्णुवम् ऎऩ्बदु इऴुक्कु। (कुरल 467)

प्रवृत्त हुनु कर्ममा गरी सोचविचार;
प्रवृत्त भई फेरि सोच्नु छ यो गलत विचार।

कुनै काम सुरु गर्नुभन्दा पहिला राम्रोसँग सोचविचार गर्नु उत्तम हुन्छ। काममा हात हालेर सोचविचार गर्नु व्यर्थ र नाशकारी हुन्छ।

48. வலியறிதல்

वलियऱिदल् - शक्ति ज्ञान

வினைவலியும் தன்வலியும் மாற்றான் வலியும்
துணைவலியும் தூக்கிச் செயல். (குறள் 471)

विऩैवलियुम् तऩ्वलियुम् माऱ्ऱान् वलियुम्
तुणैवलियुम् तूक्किच् चॆयल्। (कुरल 471)

शत्रु, मित्र, संघर्ष र आफ्नो बलको गरी विचार विमर्ष;
तब मात्र शुरु गर्नु सोची उचित संघर्ष।

युद्ध अथवा संघर्ष सुरु गर्नुभन्दा पहिला यसमा आइपर्ने कठिनाइहरूको राम्रोसँग सोचविचार गरी आफ्ना मित्र तथा शत्रुका बलको जाँच गर्नु आवश्यक हुन्छ।

49. காலமறிதல்

कालमऱिदल् - समयको उचित ज्ञान

கொக்கொக்க கூம்பும் பருவத்து மற்றதன்
குத்தொக்க சீர்த்த இடத்து. (குறள் 490)

कॊक्कॊक्क कूम्बुम् परुवत्तु मऱ्ऱदऩ्
कुत्तॊक्क सीर्त्त इडत्तु। (कुरल 490)

वक झैं रहनु चुपचाप जब गर्नु छैन वार;
चुचो मारी यथा समयमा गर्छ शिकारमा प्रहार।

जसरी बकुलो नदी किनारमा ध्यानसँग प्रतीक्षा गर्छ अवसर पाउनासाथ वेगले आफ्नो शिकारमाथि आक्रमण गर्छ, उसरी नै आफ्ना शत्रुलाई पनि थाह नपाई शिकस्त दिनाले राजाको जय निश्चय हुन्छ।

50. இடனறிதல்

इडऩ़ऱिदल् - उपयुक्त स्थान छान्नु

நெடும்புனலுள் வெல்லும் முதலை அடும்புனலின்
நீங்கின் அதனைப் பிற. (குறள் 495)

नॆडुम्बुऩ़लुळ् वॆल्लुम् मुदलै अडुम्बुऩ़लिऩ्
नीङ्गिऩ् अदऩ़ैप् पिऱ। (कुरल 495)

गहिरो जलमा मगरले अरूमाथि गर्छ जीत;
जलबाहिर अन्य प्राणी पाउँछन् जय यस विपरीत।

गहिरो जलमा रही गोहीले अरू सबैको विनाश गर्छ तर पानीबाट बाहिर निकाले त्यस विकराल गोहीमाथि सबैले विजय प्राप्त गर्छन्। (यो आफ्नो स्थान अनुकूल स्वभाव हो।)

51. தெரிந்து தெளிதல்

तेरिन्दु तेळिदल् - परख राखेर विश्वास गर्नु

குணம்நாடிக் குற்றமும் நாடி அவற்றுள்
மிகைநாடி மிக்க கொளல். (குறள் 504)

गुणम्नाडिक् कुऱ्ऱमुम् नाटि अवऱ्ऱुळ्
मिहैनाडि मिक्क कॊळल्।(कुरल 504)

गुण सम्पन्न छैनन् कोही जाँच सब गुण स्वभाव;
राम्रो नराम्रो जो छ धेर गर उसको चुनाउ।

चुनाउ गर्दा व्यक्तिको गुण र दोष दुवैको समीक्षा गर किनभने एकदमै निर्दोष मानिस संसारमा पाउन असम्भव छ। यसैले गुण दोषको राम्रो विचार गरी आवश्यक योग्तालाई ध्यानमा राखी सुपात्रको छनोट गर्नुपर्छ।

52. தெரிந்து வினையாடல்

तेरिन्दु विऩैयाडल् - कार्यक्षमताको जाँच

இதனை இதனால் இவன்முடிக்கும் என்றாய்ந்து
அதனை அவன்கண் விடல். (குறள் 517)

इदऩै इदऩाल् इवऩ्मुडिक्कुम् ऎऩ्ऱाय्न्दु
अदऩै अवऩ्कण् विडल्। (कुरल 517)

यो साधनले जो व्यक्ति गर्नसक्छ यो कार्य;
परिशीलन गरी यसरी देऊ उसलाई सो कार्य।

अमुक व्यक्ति, अमुक ढंगले अमुख कार्य सुचारू रूपले सम्पादन गर्छन्–त्यस प्रकार (यी तीन कुराहरूको तालमेल जो व्यक्तिमा छ) त्यस सुपात्रलाई काम सुम्पी उसलाई स्वतन्त्रतासँग गर्नदेऊ र निश्चित बन।

53. சுற்றந்தழால்

सुऱ्ऱन्दऴाल् - बन्धुबान्धवको भलो गर्नु

காக்கை கரவா கரைந்துண்ணும் ஆக்கமும்
அன்னநீ ரார்க்கே உள. (குறள் 527)

काक्कै करवा करैन्दुण्णुम् आक्कमुम्
अऩ्ऩनी रार्क्के उळ। (कुरल 527)

जसरी बन्धुहरूलाई नबोलाई वायस गर्दैन आहार;
उसरी जो खान्छन् स्वजनसहित, बढ्छ उनको सुख-व्यापार।

कागले जसरी भोजन प्राप्त गरी यसलाई नलुकाई "काग, काग" कराएर आफ्ना सम्बन्धीहरूलाई बोलाई सहभोज गर्छ (अर्थात् एक्लै खाँदैन) उसरी नै धन आर्जन गरी आफ्ना आत्मीय र आश्रितजनहरूसहित यसको उपभोग गर्नाले कल्याण हुन्छ।

54. பொச்சாவாமை

पोच्चावामै - अविस्मरण

முன்னுறக் காவாது இழுக்கியான் தன்பிழை
பின்னூறு இரங்கி விடும். (குறள் 535)

मुन्नुऱक् कावादु इऴुक्कियान् तऩ्पिऴै
पिऩ्नूऱु इरङ्गि विडुम्। (कुरल 535)

पहिलेबाट रक्षा नगरी रहन्छन् असावधान;
विपदा आई लागेपछि पछुताउँछन् मूर्ख नादान।

भविष्यमा आइलाग्ने विपत्ति देखेर पनि अनदेखी गरी समय रहँदै यसको उपाय गर्न भुलेमा यस भूलले नाना दुःखहरू निम्त्याउँछ।

55. செங்கோன்மை

सेङ्गोऩ्मै - शासन धर्म

வான்நோக்கி வாழும் உலகெல்லாம் மன்னவன்
கோல்நோக்கி வாழும் குடி. (குறள் 542)

वान्नोक्कि वाऴुम् उलहेल्लाम् मऩ्ऩवन्
कोल्नोक्कि वाऴुम् कुडि। (कुरल 542)

जसरी जल वर्षाका लागि लोक ताक्छ आकाश;
प्रजा राजाबाट धर्ममय शासनको राख्छन् आश।

जसरी पृथ्वीका मानिसहरू वर्षाको लालसा लिएर आकाशतर्फ हेरिरहन्छन् उसरी नै सारा प्रजा आफ्ना राजाबाट सदैव धर्ममय शासनको अपेक्षा राख्छन्।

56 . கொடுங்கோன்மை

कॊडुङ्गोऩ्मै - निरंकुश शासन

அல்லற்பட்டு ஆற்றாது அழுதகண் ணீரன்றே
செல்வத்தைத் தேய்க்கும் படை. (குறள் 555)

अल्लऱ्पट्टु आऱ्ऱादु अऴुदकण् णीरऩ्ऱे
सॆल्वत्तैत् तेय्क्कुम् पडै। (कुरल 555)

उत्पीड़ित प्रजाको अश्रु बह्यो पाई वेदना अपार;
यो श्रीनाशक शस्त्र हो, होइन मात्र नेत्रजल धार।

असहनीय उत्पीडनबाट उत्पन्न निरीहको आह र आँसु यस्ता पीडक शासकको सत्ता भष्म गर्नका लागि अग्निको काम गर्छ।

57. வெருவந்த செய்யாமை

वेरुवन्द सेय्यामै - कोमल दण्ड व्यवस्था

தக்காங்கு நாடித் தலைச்செல்லா வண்ணத்தால்
ஒத்தாங்கு ஒறுப்பது வேந்து. (குறள் 561)

तक्काङ्गु नाडित् तलैच्चेल्ला वण्णत्ताल्
ऒत्ताङ्गु ऒरुप्पदु वेन्दु। (कुरल 561)

राजा उनै छन् जो दोषको गरी उचित विचार्य;
योग्य दण्ड दिनु यसरी फेरि नहोस् यस्तो कार्य।

उनै सुयोग्य शासक कहलाउँछन् जसले अपराधको पूर्ण जाँच गरी अपराधी र अपराधअनुरूप दण्ड दिन्छन्। त्यस दण्डले न अपराधीलाई असहनीय उत्पीडन होस् न त्यो यति हलुका होस् जसले गर्दा अपराधीले फेरि दोस्रोपटक अपराध गर्ने साहस गरोस्।

58. கண்ணோட்டம்

कण्णोट्टम् - दया भावना

பெயக்கண்டும் நஞ்சுண்டு அமைவர் நயத்தக்க
நாகரிகம் வேண்டு பவர். (குறள் 580)

पेयक्कण्डुम् नञ्जुण्डु अमैवर् नयत्तक्क
नाहरिहम् वेण्डु बवर्। (कुरल 580)

मिलाएको देखी विष पनि, खान्छन् त्यो भोग;
सज्जनता, सौम्य-सुयशा छन् जो जो लोग।

जुन शासक आफ्ना प्रजाप्रति दयाको भावना राख्छन् तथा सबैका प्रिय छन्, यस्ता राजाले वैरभावले दिएको विष पनि (उनका आँखाअघि मिलाए पनि) पिउँछन्। (आफ्ना प्रजाका लागि आफ्नो ज्यान समेत दिन तत्पर रहन्छन्।)

59. ஒற்றாடல்

ऒर्‌राडल् - गुप्तचर व्यवस्था

ஒற்றும் உரைசான்ற நூலும் இவையிரண்டும்
தெற்றென்க மன்னவன் கண். (குறள் 581)

ऒर्‌रुम् उरैसान्‍ऱ नूलुम् इवैयिरण्डुम्
तॆर्‌ऱॆन्‍ग मन्‍नवन् कण्। (कुरल 581)

प्रखर गुप्तचर तथा विख्यात नीतिशास्त्र;
यी दुवैलाई नृपले मान्नु आफ्नो नेत्र।
गुप्तचर, सेवा तथा शासन सम्बन्धी प्रामाणिक नीतिग्रन्थ, यी दुवै राजाका दुई आँखा हुन्। यिनका सहायताले मात्र राजाले सुयोग्य तरिकाले शासन चलाउँन सक्छन्।

60. ஊக்கமுடைமை

ऊक्कमुडैमै - कार्य तत्परता

வெள்ளத் தனைய மலர்நீட்டம் மாந்தர்தம்
உள்ளத் தனையது உயர்வு. (குறள் 595)

वेळ्ळत् तऩैय मलर्नीट्टम् मान्दर्तम्
उळ्ळत् तऩैयदु उयर्वु। (कुरल 595)

जल कमल उत्ति नै बढ्छ जति छ जलको थाह;
नर हुन्छन् त्यति नै बडा जति ठूलो राख्छन् उत्साह।

पोखरीको जलस्तर अनुसार कमलको डण्डीको लम्बाइ हुन्छ। उसै प्रकार आफ्नो मानसिक उत्साह र तत्परताद्वारा नै मानिस महान हुन्छन्।

61. மடியின்மை

मडियिऩ्मै - आलस्य त्याग

நெடுநீர் மறவி மடிதுயில் நான்கும்
கெடுநீரார் காமக் கலன். (குறள் 605)

नेडुनीर् मऱवि मडितुयिल् नाऩ्गुम्
केडुनीरार् कामक् कलऩ्। (कुरल 605)

दीर्घ सूत्रता, विष्मरण, सुस्ती, निद्रा र चाव;
जो जन चाहन्छन् डुब्न, छन् यी चार प्रिय नाउ।

आलस्य कार्यमा विलम्ब गर्ने प्रवृति, विस्मृति र निद्रा यी चार अभागीका लागि नाउ हो जसले उसलाई विनाश पथमा लैजान्छ।

62. ஆள்வினையுடைமை

आळिवऩैयुडैमै - उद्यमशीलता

அருமை உடைத்தென்று அசாவாமை வேண்டும்
பெருமை முயற்சி தரும். (குறள் 611)

अरुमै उडैत्तेऩ्ऱु असावामै वेण्डुम्
पेरुमै मुयऱ्चि तरुम्। (कुरल 611)

दुष्कर छ कर्म यो सोची नहुनु कहिले निराश;
जान योग्य महानताले मात्र दिन्छ सतत प्रयास।

यो काम असाध्य र कठिन छ, यस्तो सोची पछि हट्नु हुँदैन। निरन्तर प्रयास गर्नाले जस्तै दुष्कर काम भए पनि यो गर्ने क्षमता आफैं प्राप्त हुन्छ।

63. இடுக்கணழியாமை

इडुक्कणऴियामै - बाधाहरु आइलाग्दा बिचलित नहुनु

இடுக்கண் வருங்கால் நகுக அதனை
அடுத்தூர்வது அஃதொப்பது இல். (குறள் 621)

इडुक्कण् वरुङ्गाल् नहुह अदऩै
अडुत्तूर्वदु अह्दोप्पदु इल्। (कुरल 621)

रहोस् ता प्रफुल्ल संकटमा पनि मनलाई नबनाई उदास;
संकट सदा क्षणिक छ यसमाथि विजय पाउनु छ अनुपम उल्लास।

कठिनाई उपस्थित हुन्छ भने उल्लासको अनुभव गर किनभने त्यस कठिनाईमाथि विजय प्राप्त गरी मिल्ने आनन्दभन्दा ठूलो अर्को कुनै आनन्द छैन।

64. அமைச்சு

अमैच्चु - मन्त्रीको स्वभाव

கருவியும் காலமும் செய்கையும் செய்யும்
அருவினையும் மாண்டது அமைச்சு. (குறள் 631)

करुवियुम् कालमुम् सॆय्हैयुम् सॆय्युम्
अरुविऩैयुम् माण्डदु अमैच्चु। (कुरल 631)

साधन, काल, उपाय औ छ कार्यसिद्धि दुसाध्य;
यिनको श्रेष्ठ विधान जो गर्छन् ऊ छन् असल अमात्य।

मन्त्री ती व्यक्ति हुन्छन् जो कुनै विशेष कार्य गर्ने समयमा यसका लागि आवश्यक साधनको पता लगाई, सही समयको चयन गरी विधिवत् कार्य गर्छन् र यसको निर्धारण गर्ने क्षमता राख्छन्।

65. சொல்வன்மை

सॊल्वऩ्मै - वाकपटुता

சொல்லுக சொல்லைப் பிறிதோர்சொல் அச்சொல்லை
வெல்லும்சொல் இன்மை அறிந்து. (குறள் 645)

सॊल्लुह सॊल्लैप् पिऱिदोर्सॊल् अच्चॊल्लै
वॆल्लुम्सॊल् इऩ्मै अऱिन्दु। (कुरल 645)

कथन अकाट्य, तर्क-खण्डन, विरोधीसित नमिल्दो राह;
दृढ विश्वास – वाकपटुताको तब छ सफल वाक्-प्रवाह।

कसैले तिम्रो वचनको खण्डन गर्न सक्तैन भन्ने विश्वास भएपछि मात्र मन्त्रीले आफ्नो विचार प्रकट गर्नुपर्छ। (अर्थात् मन्त्रीलाई आफूमाथि पूर्ण भरोसा हुनुपर्छ।)

66. வினைத்தூய்மை

विऩैत्तूय्मै - कर्म शुद्धि

ஈன்றாள் பசிகாண்பான் ஆயினும் செய்யற்க
சான்றோர் பழிக்கும் வினை. (குறள் 656)

ईत्ऱाळ् पसिकाण्बान् आयिऩुम् सॆय्यऱ्क
सात्ऱोर् पऴिक्कुम् विऩैै। (कुरल 656)

जननी क्षुधाले व्याप्त देखे तापनि;
सज्जनले निन्दित कार्य नगर्नु कहिले पनि।

आफ्नी जननीलाई भोको देख्न परे तापनि सज्जनहरूले निन्दनीय मानेको कर्म कहिले नगर्नु।

67. வினைத்திட்பம்

विऩैत्तिट्पम् - कार्य दक्षता

எண்ணிய எண்ணியாங்கு எய்துப எண்ணியார்
திண்ணியர் ஆகப் பெறின். (குறள் 666)

ऎण्णिय ऎण्णियाङ्गु ऎय्दुब ऎण्णियार्
तिण्णियर् आहप् पॆऱिऩ्। (कुरल 666)

कर्मशक्तिमा प्रबल लक्ष्यप्रति जसको छ दृढभाव;
कुनै कार्यमा न कहिले निष्फल, कर्मनिष्ठको छ यो स्वभाव।

मन्त्री आवश्यक कार्यनिष्ठाले युक्त भए उनी योजनाअनुसार कार्य गर्न सफल हुन्छन्।

68. வினைசெயல்வகை

विऩैसॆयल्वहै - कार्य प्रणाली

தூங்குக தூங்கிச் செயற்பால தூங்கற்க
தூங்காது செய்யும் வினை. (குறள் 672)

तूङ्गुह तूङ्गिच् चॆयऱ्पाल तूङ्गऱ्क
तूङ्गादु सॆय्युम् विऩै। (कुरल 672)

ढिलो गर्दा हुने कर्म जो छ गर्नु त्यो सविलम्ब;
चाँडो गर्ने काममा शिथिलता नल्याई गर्नु, गर्नु त्यो अविलम्ब।

जुन काममा अथवा युद्धमा सही समयको आवश्यकता छ यसमा प्रतीक्षा गरी विलम्ब गर्नु उचित छ र जहाँ तत्काल कर्म गर्नुपर्नेछ त्यहाँ ढिलो गर्नु अनुचित हुन्छ।

69. தூது

तूदु - दूत

இறுதி பயப்பினும் எஞ்சாது இறைவற்கு
உறுதி பயப்பதாம் தூது. (குறள் 690)

इऱुदि पयप्पिऩुम् ऎञ्जादु इऱैवर्कु
उऱुदि पयप्पदाम् तूदु। (कुरल 690)

निज नृपको काममा प्राणको पनि नराख्ने परवाह;
उनै साहसी मात्र गर्छन् राजदूतको धर्म निर्वाह।

आफ्नो ज्यानको बाजी लगाएर पनि आफ्ना राजाको काम बनाएर ल्याउनु नै निर्भिक र साहसी राजदूतको लक्षण हो।

70. மன்னரைச் சேர்ந்தொழுகல்

मऩ्ऩरैच् चेन्दॊऴुहल् - राजाका सम्पर्कमा आचरण

அகலாது அணுகாது தீக்காய்வார் போல்க
இகல்வேந்தர்ச் சேர்ந்தொழுகு வார். (குறள் 691)

अहलादु अणुहादु तीक्काय्वार् पोल्ह
इहल्वेन्दर्च् चेन्दॊऴुहु वार्। (कुरल 691)

न धेर समीप न धेर टाढा जसरी सुख दिन्छ अग्नितापः
उसै भाँती राजाका सँग रहनु हुँदैन कहिले सन्ताप।

जसरी आगो तापता धेर छेउमा रहे रापले पोल्छ र धेरै टाढा रहे न्यानो प्राप्त हुँदैन उसै प्रकार क्षणिक बुद्धि भएका राजाका कर्मचारीहरूसित व्यवहार गर्नुपर्छ। उनीहरूसित न धेर मेलमिलाप राख्नु राम्रो हो न धेर टाढा रहनु राम्रो हो।

71. குறிப்பறிதல்

कुऱिप्पऱिदल् - भावज्ञाता

அடுத்தது காட்டும் பளிங்குபோல் நெஞ்சம்
கடுத்தது காட்டும் முகம். (குறள் 706)

अडुत्तदु काट्टुम् पळिङ्गुपोल् नॆञ्जम्
कुडुत्तदु काट्टुम् मुहम्। (कुरल 706)

स्फटिकमा प्रतिविम्बित हुन्छ जसरी पासको पदार्थः
उसरी अनुहारमा प्रतिविम्बित हुन्छ अन्तसको भाव यथार्थ।

जसरी छेउमा रहेको वस्तु ऐनामा प्रतिबिम्बित हुन्छ, त्यसरी नै मानिसको मनको भाव उसको अनुहारमा देखिन्छ।

72. அவையறிதல்

अवैयऱिदल् - सभा ज्ञान

அவையறிந்து ஆராய்ந்து சொல்லுக சொல்லின்
தொகையறிந்த தூய்மை யவர். (குறள் 711)

अवैयऱिन्दु आराय्न्दु सॊल्लुह सॊल्लिन्
तॊहैयऱिन्द तूय्मै यवर्। (कुरल 711)

शब्द शक्तिका ज्ञानले परिपूर्ण छन् जो लोगः
बुझी सभालाई राम्ररी, सोचेर गर्छन् शब्द प्रयोग।

शब्दले उत्पन्न गर्ने शक्तिको बोधले युक्त भएका मानिसहरु आफुले कुनै सभामा सम्बोधन गर्नु पर्दा त्यस सभामा उपस्थित व्यक्तिहरुको बारेमा राम्ररी बुझेर मात्रै आफ्नो शब्द प्रयोग गर्छन्।

73. அவையஞ்சாமை

अवैयञ्ञामै - सभामा निर्भीकता

கற்றாருள் கற்றார் எனப்படுவர் கற்றார்முன்
கற்ற செலச்சொல்லு வார். (குறள் 722)

क॒ऱ्ऱारुळ् क॒ऱ्ऱार् ऎऩ्प्पडुवर् क॒ऱ्ऱार्मुन्
क॒ऱ्ऱ सॆलच्चॊल्लु वार्। (कुरल 722)

जो प्रभावकारी ढंगले अर्जित शास्त्रज्ञान;
प्रकट गर्छन् विज्ञसमक्ष, छन् विद्वानहरूमा विद्वान।

जो मानिस आफुले आर्जन गरेको शास्त्रको ज्ञानलाई विज्ञहरुका माझमा प्रभावकारी ढंगले प्रस्तुत गर्न सक्दछन् तिनीहरु नै विद्वानहरुको पनि विद्वान कहलिन्छन्।

74. நாடு

नाडु - देश

பிணியின்மை செல்வம் விளைவின்பம் ஏமம்
அணியென்ப நாட்டிற்கிவ் வைந்து. (குறள் 738)

पिणियिऩ्मै सॆल्वम् विळैविऩ्बम् एमम्
अणियेऩ्ब नाट्टि॒ऱ्किव् वैन्दु। (कुरल 738)

सुख, सम्पति, आरोग्य, सुरक्षा, धरा उब्जाउछिन् प्रचुर अन्न;
यी पञ्चरत्नले सम्पन्न जुन छ त्यो देश धन्य धन्य।

सुख, सम्पति, निरोगिता, प्रचुर उब्जनी, सशक्त सेनाले पूर्ण सुरक्षित देश – यी पञ्चरत्नले परिपूर्ण राष्ट्र नै समुन्नत देश कहलिन्छन्।

75. அரண்

अरण् - दुर्ग

மணிநீரும் மண்ணும் மலையும் அணிநிழல்
காடும் உடையது அரண். (குறள் 742)

मणिनीरुम् मण्णुम् मलैयुम् अणिनि॰ऴल्
काडुम् उडैयदु अरण्। (कुरल 742)

मणि समान जल, समतल भूमि र जंगल घना पहाड;
कहलाउँछ त्यो दुर्ग जसको छ यिनमा आड।

पर्याप्त स्वच्छ जल भएको ठाउँ, समतल मैदान, पहाड र घना जङ्गल भएको दुर्ग नै आदर्श दुर्ग हो। (जहाँ संकटका समय पर्याप्त जल तथा जलमाथि आश्रित उत्पादन गर्न सकियोस्, लुक्ने आड, आक्रमण गर्नका लागि अग्लो पाहाड र शत्रु आगमनमाथि बाधा दिने प्रचुर साधन उपलब्ध छ।)

76. பொருள்செயல்வகை

पोरुळसॆयल्वहै - वित्त सञ्चय गर्ने विधि

செய்க பொருளைச் செறுநர் செருக்கறுக்கும்
எஃகுஅதனிற் கூரியது இல். (குறள் 759)

सॆय्ह पॊरुळैच् चॆऱुनर् सॆरुक्कऱुक्कुम्
ऐह्हुअदऩिर् कूऱियदु इल्। (कुरल 759)

शत्रुको गर्व तोड्न तेज शस्त्र छ जो सिद्ध;
धनभन्दा ठूलो अर्को छैन जो संग्रह गर्छ वित्त।

आफ्नो पौरखको बलले पर्याप्त धन आर्जन गर। शत्रुको गर्व र धृष्टताको दमन गर्न धनभन्दा तीक्ष्ण शस्त्र अर्को कुनै छैन।

77. படைமாட்சி

पडैमाट्चि - सैन्यको महत्तव

மறம்மானம் மாண்ட வழிச்செலவு தேற்றம்
எனநான்கே ஏமம் படைக்கு. (குறள் 766)

मऱम्माऩम् माण्ड वऴिच्चॆलवु तेऱ्ऱम्
ऐऩनाऩ्गे एमम् पडैक्कु। (कुरल 766)

राख्नु शौर्यमान विश्वस्तता, औ गर्नु सदव्यवहार;
सेनाका लागि यिनै रक्षक गुण छन् चार।

शौर्यमान पुर्खाद्वारा गृहित सन्मार्गको अनुसरण गरी राजा अथवा नेताको विश्वास पात्रता प्राप्त गर्नु यी चार सेनाको श्रेष्ठ गुण हो।

78. படைச்செருக்கு

पडैच्चॆरुक्कु - सैन्य शक्ति

பேராண்மை என்ப தறுகண்ஒன்று உற்றக்கால்
ஊராண்மை மற்றதன் எஃகு. (குறள் 773)

पेराण्मै ऐऩ्प तऱुकण्ऒऩ्ऱु उऱ्ऱक्काल्
ऊराण्मै मऱ्ऱदऩ् ऐह्हु। (कुरल 773)

शत्रुलाई रणमा जीत्नु वीर कर्म कहलाउँछ;
दुःखमा शत्रु सहायता वीर कर्मको श्रेष्ठता कहलाउँछ।

शत्रुको सामना गर्ने वीरतालाई शास्त्रकारहरु उच्चकोटीको पुरुषार्थ मान्छन् तथा संकटका बेला शत्रुलाई सहायता गर्नु त्यस पुरुषार्थको श्रेश्ठता हो।

79. நட்பு

नट्पु - मित्रता (मित्रता)

உடுக்கை இழந்தவன் கைபோல ஆங்கே
இடுக்கண் களைவதாம் நட்பு. (குறள் 788)

उडुक्कै इऴन्दवन् कैपोल आङ्गे
इडुक्कण् कळैवदाम् नट्पु। (कुरल 788)

वस्त्र खोलिए तुरन्त सम्हाल्न तत्पर छन् जसरी हात;
विपतिग्रस्त मित्रलाई सम्हाल्छन् उसरी रही उनका साथ।

जसरी आफ्नो वस्त्र खोलिंदा तुरन्त यसलाई सम्हाल्न आफ्ना हात अघि बढ्छन् उसरी नै सच्चा मित्र विपत्तिमा परेका आफ्ना मित्रलाई सम्हाल्न अघि बढ्छन्।

80. நட்பாராய்தல்

नट्पाराय्दल् - मित्रताको परख

கேட்டினும் உண்டுஓர் உறுதி கிளைஞரை
நீட்டி அளப்பதோர் கோல். (குறள் 796)

केट्टिनुम् उण्डुओर् उऱुदि इळैञरै
नीट्टि अळप्पदोर् कोल्। (कुरल 796)

छवि प्रतिवेदन ईश्वरको छ कहिले वरदान;
को कति सुहृदय छ, विपदमा खुल्छ उनको मान।
विपत्ति पनि एक प्रकारको ईश्वरले दिएको वरदान नै हो। विपत्तिमा नै मित्रको स्वभाव जान्न सकिन्छ तथा यसले मित्रको स्वभाव नाप्ने मापदण्डको काम गर्छ।

81. பழைமை

पऴैमै - चिरस्थायी मित्रता

பழைமை எனப்படுவது யாதெனின் யாதும்
கிழமையைக் கீழ்ந்திடா நட்பு. (குறள் 801)

पऴैमै ऎऩ्ऩप्पडुवदु यादॆऩिऩ् यादुम्
किऴमैयैक् कीऴिन्दडा नट्पु। (कुरल 801)

जे परे पनि अधिकारसित गर्छन् जन इष्ट;
तिरस्कार नगरी मान्नु यो मैत्री हो घनिष्ट।

मित्रले आफ्नो अधिकार सम्झी कुनै कार्य गर्छन् भने अन्जानमा भूल भयो भने कसैका अघि उनको तिरस्कार नगर्नु नै चीर मित्रताको लक्षण हो।

82. தீநட்பு

तीनट्पु - मित्रताहीन

கனவினும் இன்னாது மன்னோ வினைவேறு
சொல்வேறு பட்டார் தொடர்பு. (குறள் 819)

कऩविनुम् इऩ्ऩादु मऩ्ऩो विऩैवेरु
सॊल्वेरु पट्टार् तॊडर्बु। (कुरल 819)

कथनी करनीमा छ अन्तर जसको भन्छन् केही गर्छन् विपरीत
सदा त्याज्य छ सपनामा पनि यीनको दुखदायी प्रीत।

जसको कथनी (बोली) र करनीमा (काम गराइ) मा अन्तर छ, अर्थात् मुखले एउटा कुरा बोल्छन् र कामले अर्को गर्छन् भने यस्ता व्यक्तिको मित्रता स्वप्नमा पनि दुखदायी हुन्छ।

83. கூடாநட்பு

कूडानट्पु - झूटो मित्रता

தொழுதகை யுள்ளும் படையொடுங்கும் ஒன்னார்
அழுதகண் ணீரும் அனைத்து. (குறள் 828)

तॊऴुदकै युळ्ळुम् पडैयॊडुङ्गुम् ऒऩ्ऩार्
अऴुदकण् णीरुम् अऩैत्तु। (कुरल 828)

कपटीको प्रणाम- कर अञ्जलिमा लुकेको छ शास्त्रधार;
तिमीलाई डुबाउने सागर हो शत्रुको नयनको जलधार।

शत्रुले प्रणाम गर्न जोड़ेको दुई करमा पनि अस्त्र लुकाएको हुन्छ उसको अश्रु जलधारमा पनि यही भाव हुन्छ। यसैले शत्रुले प्रणाम गरेको वा उसका आँखामा आँसु देखी धोका खानु हुँदैन।

84. பேதைமை

पेदैमै - मूढता

பேதைமை என்பதுஒன்று யாதெனின் ஏதம்கொண்டு
ஊதியம் போக விடல். (குறள் 831)

पेदैमै ऎऩ्बदुऒऩ्ऱु यादॆऩिऩ् एदम्कॊण्डु
ऊदियम् पोह विडल्। (कुरल 831)

मूढता केलाई भन्नु? जो छ दारुण दाग;
हानीप्रदलाई ग्रहण गरी लाभप्रदको जो गर्छ त्याग।

मूढता वा मूर्खता केलाई भन्नु? आफ्ना लागि हानीकारक कार्य, वस्तु वा व्यक्तिलाई ग्रहण गर्नु तथा लाभदायक वस्तुको त्याग गर्नु नै मूढता हो।

85. புல்லறிவாண்மை

पुल्लऱिवाण्मै - अहंकारयुक्त तुच्छ बुद्धि

உலகத்தார் உண்டென்பது இல்லென்பான் வையத்து
அலகையா வைக்கப் படும். (குறள் 850)

उलहत्तार् उण्डेन्बदु इल्लेन्बान् वैयत्तु
अलहैया वैक्कप् पडुम्। (कुरल 850)

जगत जसको अस्तित्वलाई "छ" भनी लिन्छन् मान;
जो मान्दैनन् यस सत्यलाई रहन्छन् उनी प्रेत समान।

संसारले जुन वस्तुको अस्तित्वलाई "छ" भनी स्वीकार गर्छ त्यही अस्तित्वलाई छैन भनी अस्वीकार गर्ने व्यक्ति संसारमा प्रेत झैं अलगै रहनु पर्छ। संसारले यस्ता व्यक्तिलाई स्वीकार गर्दैन।

86. இகல்

इहल् - विभेद

இகலென்ப எல்லா உயிர்க்கும் பகலென்னும்
பண்பின்மை பாரிக்கும் நோய். (குறள் 851)

इहलेन्ब ऎल्ला उयिर्क्कुम् पहलेन्नुम्
पण्बिन्मै पारिक्कुम् नोय्. (कुरल 851)

सबै प्राणीमा फूट नै भन्छन् बुद्धिमान लोग;
अनमेल भाव अनर्थको पोषण गर्छ यो रोग।

विभेदको भावना नै त्यो रोग हो जसले सबै प्राणीमा अन्य प्राणीहरूप्रति अमेल भाव (परायापनको भावना) जस्तो अवगुणलाई बढाउँछ।

87. பகைமாட்சி

पहैमाट्चि - शत्रुताको प्रभाव

வலியார்க்கு மாறுஏற்றல் ஓம்புக ஓம்பா
மெலியார்மேல் மேக பகை. (குறள் 861)

वलियार्क्कु मारुएऱ्ऱल् ओम्बुह ओम्बा
मेलियार्मेल् मेह पहै. (कुरल 861)

बलवानसित लड्न नजानु मनमा राखी वैर
कमजोरको शत्रुता सदा राख्नु मनमा ख़ैर।

आफूभन्दा बलवानप्रति शत्रुता राखी उनको विरोध गर्न छोड, आफूभन्दा बलहीनसंग शत्रुता नछोडी त्यसबाट लाभ उठाउनु पर्छ।

88. பகைத்திறம் தெரிதல்

पहैत्तिऱम् तॆरिदल् - शत्रुशक्तिको ज्ञान

பகையென்னும் பண்பி லதனை ஒருவன்
நகையேயும் வேண்டற்பாற்று அன்று. (குறள் 871)

पहैऐन्नुम् पण्बि लदऩै ऒरुवन्
नहैयेयुम् वेण्डऱ्पाऱ्ऱु अऩ्ऱु. (कुरल 871)

शत्रु उमार्ने बीज यद्यपि भए पनि सहज परिहास;
सदा घातक शत्रुभाव छ कहिले आउन नदिनु पास।

शत्रु उमार्ने सजिलो बिउ कसैलाई परिहार गर्नु र उसलाई हाँसो-ठट्टा गरेर उडाउनु हो। कसैको परिहास गर्दा यसले शत्रुभाव जन्माउन छ र आफूलाई हानी गर्छ। त्यसैले कैले पनि शत्रुभाव उत्पन्न गराउने परिहास गर्ने बानी आफुमा कहिल्यै आउन नदिनु।

89. உட்பகை

उट्पहै - आन्तरिक शत्रु

உடம்பாடு இலாதவர் வாழ்க்கை குடங்கருள்
பாம்போடு உடனுறைந் தற்று. (குறள் 890)

उडम्बाडु इलादवर् वाऴ्क्कै कुडङ्गरुळ्
पाम्बोडु उडनुऱैन् दऱ्ऱु. (कुरल 890)

आपसमा मेल छैन, तन मिलन, उर-अन्तर दाह;
यिनका साथ रहनु जसरी झोपडीमा सर्पसहित निर्वाह।

जोसित मन मिल्दैन यस्ता व्यक्तिका साथ एउटै घरमा रही जीवन बिताउनु झोपडीमा सर्पका साथ वास गर्नु समान हो – सँधै त्रास र भयसंको सहवास।

90. பெரியாரைப் பிழையாமை

पॆरियारैप् पिऴैयामै - ठूलाहरूको अपमान नगर्नु

பெரியாரைப் பேணாது ஒழுகின் பெரியாரால்
பேரா இடும்பை தரும். (குறள் 892)

पॆरियारैप् पेणादु ऒऴुहिन् पॆरियाराल्
पेरा इडुम्बै तरुम्. (कुरल 892)

प्रबलको न सम्मान गर्नु न उनीतिर दिनु ध्यान;
नाना विधि यस्तो गर्नाले गर्छ यसले दुःख प्रदान।

शक्तिशाली र प्रबल व्यक्तिको न धेरै सम्मान गर्नु न ध्यान दिनु। त्यो व्यवहारले तिमीलाई दारुण दुःख प्रबल व्यक्तिबाट प्राप्त हुन्छ। यसैले त्यस्ता व्यक्तितर्फ ध्यान नदिनु।

91. பெண்வழிச் சேறல்

पॆण्वऴिच् चॆऱल् - नारीका वशमा नहुनु

மனைவிழைவார் மாண்பயன் எய்தார் வினைவிழைவார்
வேண்டாப் பொருளும் அது. (குறள் 901)

मऩैविऴैवार् माण्पयन् ऍय्दार् विऩैविऴैवार्
वेण्डाप् पॊरुळुम् अदु. (कुरल 901)

स्त्रीमाथि छन् जो आसक्त उनलाई मिल्दैन धर्म;
अर्थ प्राप्त गर्न चाहनेका लागि घृणित वस्तु छ त्यो कर्म।

स्त्री वा पत्नीमाथि आसक्त भई उसका कथनअनुसार चल्ने व्यक्तिलाई धर्म र अर्थ प्राप्ती दुर्लभ छ। अर्थात् पत्नीको दासत्वमा रुचि राख्नु हुँदैन।

92. வரைவின் மகளிர்

वरैविऩ् महळिर् - वेश्या

அன்பின் விழையார் பொருள்விழையும் ஆய்தொடியார்
இன்சொல் இழுக்குத் தரும். (குறள் 911)

अऩ्बिऩ् विऴैयार् पॊरुळिवऴैयुम् आय्तॊडियार्
इऩ्सॊल् इऴुक्कुत् तरुम्. (कुरल 911)

धन लोलुप, श्रृंगारयुक्त वनिताको त्यो कृतिम प्यार;
प्रेम होइन हो त्यो मोहपाश, गर्छ मानवको संहार।

कसैको हृदयसित नभई धनसित प्रेम गर्ने वेश्याको मधुर वचन र मोहनी रुपको मोहपाशलेले व्यक्तिलाई प्रेम होइन केवल ताप र पीडा मात्र दिन्छ।

93. கள்ளுண்ணாமை

कळ्ळुण्णामै - मद्यपान निषेध

கள்ளுண்ணாப் போழ்தில் களித்தானைக் காணுங்கால்
உள்ளான்கொல் உண்டதன் சோர்வு. (குறள் 930)

कळ्ळुण्णाप् पॊऴिदल् कळित्ताऩैक् काणुङ्गाल्
उळ्ळाङ्कॊल् उण्डदऩ् सॊर्वु. (कुरल 930)

नशा नगरेका बेला अरु नशेडीको दुर्गति हेरी गर विचार;
यही कुगति आफ्नो पनि हुन सक्छ होश गर।

रक्सी पिउने बानी भएको व्यक्ति आफू नपिएका बेला अरु मदमत्तहरूलाई हेरेर मद्यपान गर्नाले आफुमाथि उत्पन्न हुने दुर्गतिको कल्पना गरोस्। उसका मनमा मैले मद्यपान गर्दा पनि सायद यस्तै अवस्था हुँदो हो भन्ने विचार आउन पर्दैन?

94. சூது

सूदु - जुवा नखेल्नु

வேண்டற்க வென்றிடினும் சூதினை வென்றதூஉம்
தூண்டில்பொன் மீன்விழுங்கி யற்று. (குறள் 931)

वेण्डऱ्क वेऩ्ऱिडिनुम् सूदिऩै वेऱ्ऱदूउम्
तूण्डिल्पॊऩ् मीऩ्विऴुङ्कि यऱ्ऱु. (कुरल 931)

विजय लाभ भए पनि लोभवश नखेल्नु जुवा पाश;
माछालाई पक्रन हालेको चारो झैं यो विजयले गर्छ नाश।

जुवा खेल्ने इच्छा राख्नु हुँदैन चाहे जीत आफ्नै हातमा किन नहोस्। किनभने एकपल्ट जीत प्राप्त भएपछि त्यो माछालाई चारो उनेर हालेको काँडा झैं हो, जसलाई चारो सम्झी माछाले निल्छ र जालमा फँस्छ। एकपल्ट विजय प्राप्त भएपछि त्यही लोभमा जुवाको लत लाग्छ र आफ्नो विनाश हुन्छ।

95. மருந்து

मरुन्दु - औषधि

மாறுபாடு இல்லாத உண்டி மறுத்துண்ணின்
ஊறுபாடு இல்லை உயிர்க்கு. (குறள் 945)

मारुबाडु इल्लाद उण्डि मरुत्तुण्णिऩ्
ऊऱुबाडु इल्लै उयिर्क्कु. (कुरल 945)

शरीरविरुद्ध भोजन नहोस्, होस् समुचित परिमाण;
यस्तो संयमको भोजन छ सकल व्याधि निवार्ण।

आफ्नो शरीरलाई नबिराउने आहार उचित मात्रामा यदि संयमसित ढङ्गले खाने गरे यसले सबै रोग लाग्नबाट बचाँएर शरीर स्वस्थ राख्छ।

96. குடிமை

कुडिमै - कुलीनता

இல்பிறந்தார் கண்ணல்லது இல்லை இயல்பாகச்
செப்பமும் நாணும் ஒருங்கு. (குறள் 951)

इल्पिऱन्दार् कण्णल्लदु इल्लै इयल्बाहच्
चॆप्पमुम् नाणुम् ऒरुङ्गु. (कुरल 951)

लज्जा- त्रिकरण- एकता जन्मजात छन् यी सुन्दर भाव;
छैन सुलभ सबैलाई मात्र यो कुलीनताको सहज स्वभाव।

लज्जा-पाप कर्म गर्नबाट लजाउनु, त्रिकरण एकता-मन, वचन र कर्मको ऐक्य भाव हुनु, यी दुई अपूर्व भावको मेल कुलीन घरानाका व्यक्तिहरूमा मात्र पाइन्छ।

97. மானம்

माऩम् - स्वाभिमान

மயிர்நீப்பின் வாழாக் கவரிமா அன்னார்
உயிர்நீப்பர் மானம் வரின். (குறள் 969)

मयिर्नीप्पिन् वाऴाक् कवरिमा अन्नार्
उयिर्नीप्पर् माऩम् वरिन्. (कुरल 969)

सुरा गाई जसरी चंवर काट्तै त्याग्छे प्राण;
नरहे मान नराख्नु प्राण स्वाभिमानी को छ शान।

जसरी चौंरी गाईको पुच्छर (चंवर जो हामी पवित्र कार्यमा पूजादिमा प्रयोग गर्छौं।) काट्नासाथ त्यसले आफ्नो प्राण त्यागीदिन्छे (यो जनश्रुति छ कि चौंरीलाई आफ्नो पुच्छरको ठूलो अभिमान हुन्छ, र त्यसलाई काटेको अपमान सहन नसकी आफ्नो प्राण त्याग्छे) उसरी नै स्वाभिमानी व्यक्ति आफ्नो सम्मानमा दाग लागेपछि बाँच्नु भन्दा प्राण त्याग्नुमा नै आफ्नो हीत ठान्दछन्।

98. பெருமை

पेरुमै - महानता

பிறப்பொக்கும் எல்லா உயிர்க்கும் சிறப்பொவ்வா
செய்தொழில் வேற்றுமை யான். (குறள் 972)

पिऱप्पॊक्कुम् ऎल्ला उयिर्क्कुम् सिऱप्पॊव्वा
सॆय्तॊऴिल् वेऱ्ऱुमै यान्. (कुरल 972)

जनम कालमा सब समान, साना-ठूलाको छैन भाव;
पतीत, महान बनाउँछ तिनका गुण र कर्म स्वभाव।

सबै मानिस जन्म लिँदा एकै समान हुन्छन्।तिनमा सानो ठुलोको भेद हुँदैन। तर कर्म भेदका कारणले तिनका गुणहरूमा विभिन्नता आउँछ। श्रेष्ठ कर्म गर्नाले श्रेष्ठ र नीच कर्म गर्नाले मानिस नीच कहलाउँछन्।

99. சான்றாண்மை

साऩ्राण्मै - सर्वगुण-सम्पन्नता

ஆற்றுவார் ஆற்றல் பணிதல் அதுசான்றோர்
மாற்றாரை மாற்றும் படை. (குறள் 985)

आऱ्ऱुवार् आऱ्ऱल् पणिदल् अदुसाऩ्ऱोर्
माऱ्ऱारै माऱ्ऱुम् पडै. (कुरल 985)

बलवानको परम शक्ति छ विनयशीलता र नम्र स्वभाव;
यस शक्तिका प्रभावमा शत्रु त्याग्छन् शत्रुता भाव।

बलवानको बल तिनको विनम्रता हो। त्यस अस्त्रले गुणवानले आफ्ना शत्रुलाई पनि मित्र बनाउँछन्।

100. பண்புடைமை

पण्बुडैमै - शिष्टाचार

அரம்போலும் கூர்மைய ரேனும் மரம்போல்வர்
மக்கட்பண்பு இல்லா தவர். (குறள் 997)

अरम्पोलुम् कूर्मैय रेनुम् मरम्पोल्वर्
मक्कट्पण्बु इल्ला दवर्. (कुरल 997)

यद्यपि छ रेती समान तीक्ष्ण बुद्धि निदान;
तर मानव संस्कृति नभए नर छन् शुष्क वृक्ष समान।

मानवमा हुनुपर्ने श्रेष्ठ गुण नभएका व्यक्ति भावनाशून्य वृक्ष समान हुन्छन् (रुख काटेर रहेको मुढो, ठुटो जस्तो) चाहे उसको बुद्धि रेतीको धार समान तीक्ष्ण किन नहोस्।

101. நன்றியில் செல்வம்

नऱ्ऱियिल् सॆल्वम् - निष्फल धन

வைத்தான்வாய் சான்ற பெரும்பொருள் அஃதுஉண்ணான்
செத்தான் செயக்கிடந்தது இல். (குறள் 1001)

वैत्ताऩ्वाय् साऩ्ऱ पॆरुम्पॊरुळ् अह्दुउण्णाऩ्
सॆत्ताऩ् सॆयक्किडन्ददु इल्. (कुरल 1001)

सदुपयोग नगरे व्यर्थ हुन्छ जोड़ेको धन अपार;
मृतकतुल्य तिनी मानिन्छन्, सम्पति सारा बेकार।

यदि कुनै व्यक्तिले प्रचुर धनराशि संग्रह गरेर पनि यसको उपभोगको आनन्द उठाउँदैन भने उसले त्यो धनको उपभोग गरेन। उसको

(धनरूपी) जीवन (उपभोगहीन) अर्थात मृतकको समान हो। (यहाँ धन उपभोग गर्नुको अर्थ राम्रो काम-सुकर्ममा खर्च गर्नु हो।)

102. நாணுடைமை

नाणुडैमै - लज्जा भाव

கருமத்தால் நாணுதல் நாணுத் திருநுதல்
நல்லவர் நாணுப் பிற. (குறள் 1011)

करुमत्ताल् नाणुदल् नाणुत् तिरुनुदल्
नल्लवर् नाणुप् पिऱ. (कुरल 1011)

अकरणीय गरे, नतमस्तक यही लज्जाको भाव;
रूपवती, शीलवतीको लज्जा भाव छ सहज स्वभाव।

अयोग्य कर्म गर्दा (नराम्रो कर्मपाप) उत्पन्न हुने लज्जा नै लज्जाशीलता हो। सुन्दर शीलवती नारीको सहज लज्जा त उसको स्वभाव हो।

103. குடிசெயல்வகை

कुडिसेयल्वहै - वंश चलाउने रीति

கருமம் செயஒருவன் கைதூவேன் என்னும்
பெருமையின் பீடுடையது இல். (குறள் 1021)

करुमम् सेयऔरुवन् कैदूवेन् ऐन्नुम्
पेरुमैयिन् पीडुडैयदु इल्. (कुरल 1021)

दृढ कर्तव्य सुपथमा जबसम्म नभए कृत कार्य;
योभन्दा ठूलो जीवनमा कुन छ गौरव कार्य।

कुल गौरव उपयुक्त कार्य गर्नबाट पछि नहट्ने विचार गरी प्रयत्न गर्नुभन्दा ठूलो अर्को कुनै कुरा छैन।

104. உழவு

उऴवु - कृषि

சுழன்றும்ஏர்ப் பின்னது உலகம் அதனால்
உழந்தும் உழவே தலை. (குறள் 1031)

सुऴन्रुम्एर्प् पिऩ्नदु उलहम् अदऩाल्
उऴन्दुम् उऴवे तलै. (कुरल 1031)

छ धन्धाउद्योग धेरै त र खेती छ सबको आधार;
कष्टसाध्य तर जीवन दिने कृषि नै सर्वप्रमुख व्यपार।

संसारमा चाहे जत्ति नै व्यवसायहरू गरे पनि यसको वास्तविक आधार कृषि नै हो। (बिना यो मानिसको गुजारा चल्दैन।) यसैले कष्टप्रद भए पनि कृषि नै उत्तम व्यसाय हो।

105. நல்குரவு

नल्हुरवु - दरिद्रता

இன்மையின் இன்னாதது யாதெனின் இன்மையின்
இன்மையே இன்னா தது. (குறள் 1041)

इऩ्मैयिन् इऩ्ऩाददु यादॆऩिऩ् इऩ्मैयिन्
इऩ्मैये इऩ्ऩा ददु. (कुरल 1041)

सोधेमा-दारिद्रय समान दुखी छन् को महान;
त दुखद दारिद्रय सम दरिद्रता नै छन् जान।

यदि कसैले सोधे दरिद्रता झैं दुखदायी अर्को कुन कुरो छ? (यही उत्तर दिनु राम्रो) दरिद्रता समान दुखदायी दरिद्रता स्वयं नै छ। अर्को कुनै छैन।

106. இரவு

इरवु - भीख माग्नु

இரக்க இரத்தக்கார்க் காணின் கரப்பின்
அவர்பழி தம்பழி அன்று. (குறள் 1051)

इरक्क इरत्तक्कार्क् काणिन् करप्पिन्
अवर्पऴि तम्पऴि अन्ऱु. (कुरल 1051)

गर याचना उनीसँग जो छन् पुरा गर्न माग समर्थ;
विमुख गरे ती छन् दोषी याचकको माग्नु नै व्यर्थ।

याचना गर्नयोग्य व्यक्तिसित मात्र याचना गर्नुपर्छ मेरामा छैन भनी यदि भिक्षा (दान) दिँदैनन् भने यसमा ती व्यक्तिको दोष छ याचकको कुनै दोष छैन।

107. இரவச்சம்

इरवच्चम् - भीख माग्न डर मान्नु

இரந்தும் உயிர்வாழ்தல் வேண்டின் பரந்து
கெடுக உலகியற்றி யான். (குறள் 1062)

इरन्दुम् उयिर्वाऴ्दल् वेण्डिन् परन्दु
केडुह उलहियऱ्ऱि यान्. (कुरल 1062)

विधिका विधानले भीख मागेर खाए;
कष्टले मारी मारी तिनी नष्ट भ्रष्ट भए।

यो संसारमा केही मानिस याचना गरेरै जीवनयापन गरुन भन्ने विधाताको विधान छ भने ती विधाता स्वयं त्यो याचक झैं यताउता दुःखका जञ्जालमा परी भौंतारिरहन्छन् र उनको पनि नाश हुन्छ।

108. கயமை

कयमै - नीचता

மக்களே போல்வர் கயவர் அவரன்ன
ஒப்பாரி யாம்கண்டது இல். (குறள் 1071)

मक्कळे पोल्वर् कयवर् अवरन्न
ऒप्पारी याम्कण्डदु इल्. (कुरल 1071)

मानव र अधम मानवको रूप-रंगमा जो सादृश्य;
अन्य वस्तुमा यस्तो सामान्यता, देखिन्न जगमा अर्को दृश्य।

नीच व्यक्ति पनि हेर्दा अरू मानिस झैं देखिन्छन्, अर्थात नीच व्यक्ति र श्रेष्ठ गुण भएको व्यक्तिका रूपरंगमा केही फरक हुँदैन। (यत्तिको समानता अरू कुनै वस्तुमा पाइन्न।

(यहाँ कविले व्यंग्य गरेका छन्। यो कस्तो आश्चर्यको कुरो हो विपरीत गुण भएको दुईवटा वस्तु पनि एक रूप प्रतीत हुन्छ।)